# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक २९२ | काठमाडौं | शुक्रबार, ०८ फागुन २०८२ | Prabhab National Daily | Friday, 20 February 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com


दलका चुनावी घोषणापत्रमा वैदेशिक रोजगार

# रेमिटयान्स पठाउनेलाई बोनसदेखि नेपालबाटै विदेशमा काम गराउने प्रतिबद्धता

■ ममता थापा

**काठमाडौं–** आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि प्रायः सबै राजनीतिक दलले चुनावी घोषणापत्र सार्वजनिक गरिसकेका छन्। घरदैलो अभियानलाई तीव्रता दिइरहेका दलहरूले यसपटक युवा मतदातालाई केन्द्रमा राखेर घोषणापत्रमा आकर्षक कार्यक्रमहरू राखेको पाइएको छ। जेन-जी विद्रोहपछि फेरिएको मुलुकको राजनीतिक परिदृश्यलाई सम्बोधन गर्ने प्रयास दलका घोषणापत्रमा देखिन्छ।

मुलुकमा रोजगारीको अवसर नपाएर विदेसिन बाध्य युवाहरूलाई मुलुकमै रोजगारीको अवसरदेखि विदेशमा रहेकालाई विभिन्न सुविधाबाट लोभ्याउने होडमा नयाँ तथा पुराना दलहरू लागेका छन्। चुनावी घोषणापत्रमा वैदेशिक रोजगारीसँग सम्बन्धित कार्यक्रमलाई प्राथमिकताका साथ समावेश गरेका दलहरूले यस क्षेत्रमा देखिएका विभिन्न समस्याको समाधान गर्ने वाचा गरेका छन्।

आसन्न निर्वाचनका लागि बिहीबार नेकपा एमाले र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले प्रतिबद्धतापत्र सार्वजनिक गरे। नेपाली कांग्रेस, नेपाली कम्युनिस्ट पार्टी (नेकपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा), उज्यालो नेपाल पार्टीलगायतले यसअघि नै सार्वजनिक गरिसकेका छन्। केही वर्षअघि सरकारको नीतिमै भएको 'फ्रि-भिसा, फ्रि-टिकेट' कार्यान्वयन गर्ने विषय बोल्दा नेताहरू 'ट्रोल' बन्नुपर्ने अवस्था थियो। वैदेशिक रोजगारीलाई व्यवस्थित बनाउँछौं भन्दा आलोचित हुनुपर्थ्यो। अहिले आइपुग्दा वैदेशिक रोजगारीविना मुलुकको अर्थतन्त्र समस्याग्रस्त हुने यथार्थलाई राजनीतिक दलले स्वीकार गरेको देखिएको छ।

हाल ४० लाखभन्दा बढी नेपाली वैदेशिक रोजगारीमा रहेका श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले बताउँदै आएको छ। उनीहरूले वार्षिक १७ खर्बभन्दा बढी विप्रेषण (रेमिटयान्स) पठाउने गरेका छन्। अर्थतन्त्रको मेरुदण्डको रूपमा रहेको रेमिटयान्स भित्र्याउने र बेरोजगारी समस्यालाई न्यूनीकरण गर्न भूमिका खेलेको वैदेशिक रोजगारीलाई व्यवस्थित बनाउँदै आन्तरिक रोजगारी सिर्जनातर्फ उन्मुख हुने संकल्प दलका घोषणापत्रमा गरिएको छ। प्रमुख दलका घोषणापत्रमा समेटिएका वैदेशिक रोजगारसम्बन्धी एजेण्डा यहाँ प्रस्तुत गरिएको छ।

> मुलुकमा रोजगारीको अवसर नपाएर विदेसिन बाध्य युवाहरूलाई मुलुकमै रोजगारीको अवसरदेखि विदेशमा रहेकालाई विभिन्न सुविधाबाट लोभ्याउने होडमा नयाँ तथा पुराना दल

**सन्दर्भः वैदेशिक रोजगार**

### नेपाली कांग्रेस

विघटित प्रनिनिधिसभाको सबैभन्दा ठूलो दल नेपाली कांग्रेसले ढिलोगरी बुधबारमात्र 'भिजन टेन' नाम दिएर चुनावी प्रतिज्ञापत्र सार्वजनिक गऱ्यो। कूल १० पृष्ठको छोटो प्रतिज्ञापत्रमा कांग्रेसले विदेशमा बस्ने नेपालीको ज्ञान, सीप र योगदान मातृभूमिमा जोड्ने प्रतिबद्धता जनाएको छ। अन्य दलको जस्तो वैदेशिक रोजगारीमा जानेहरूको विषय नराखेको कांग्रेसले मुलुकमै सपना देख्न सक्ने नेपाल बनाउने प्रतिज्ञा गरेको छ।

विदेशमा रहेकालाई लक्षित गर्दै 'फर्कन मन लाग्ने र सुनौलो अवसर देखिने देश' बनाउने भनिएको छ। उक्त प्रतिज्ञापत्रमा स्वदेशमै मर्यादित र आकर्षक अवसर, प्रगति र उन्नतिको सपना देख्ने देश जस्ता विषय राखेर मुलुकभित्रै अवसर सिर्जना गर्ने दाबी गरिएको छ। कांग्रेसले विदेसिन बाध्य बनाउने कारणहरू उल्लेख गर्दै मिहेनतको उचित मूल्य, सामाजिक सुरक्षा र सम्मान राज्यको दायित्व हुने विषयलाई प्राथमिकता दिएको छ।

### नेकपा एमाले

सामाजिक सुरक्षा भत्तालाई सधैं चुनावी एजेण्डा बनाउने नेकपा एमालेले यसपटक वैदेशिक रोजगारीमा रहेकाहरूलाई पनि 'बोनस'मार्फत आकर्षित गर्ने प्रयास गरेको छ। बिहीबारमात्रै सार्वजनिक गरिएको एमालेको चुनावी घोषणापत्रमा विप्रेषण पठाउने श्रमिकको बैंक खातामा वार्षिक पाँच हजार रूपैयाँ थप बोनस जम्मा गरिदिने आकर्षक कार्यक्रम ल्याएको हो। 'वैदेशिक रोजगारीमा गएर देशमा विप्रेषण पठाइरहेका श्रमिकको सम्मानस्वरूप उनीहरूको बैंक खातामा वार्षिक पाँच हजार रूपैयाँ थप गरी दिनेछौं,' एमालेको घोषणापत्रमा उल्लेख छ।

त्यस्तै, रोजगारीमा गएकालाई सम्मानित गरिने र उनीहरूलाई योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा निरन्तरता हुने प्रबन्ध मिलाउनेसमेत उल्लेख गरिएको छ। घोषणापत्रमा चर्को ब्याज लिएर वैदेशिक रोजगारीमा जानुपर्ने अवस्थाको अन्त्य गर्ने, रोजगारीमा जानेलाई आवश्यक तालिम दिने, फर्किनेहरूलाई सिकेको सीप अनुसारको उद्यम सञ्चालन गर्न सघाउनेजस्ता विषय समावेश गरिएको छ। गन्तव्य मुलुकहरूसँग द्विपक्षीय श्रम सम्झौता गरेर श्रम शोषण, ठगी, लैंगिक हिंसाजस्ता जोखिमको अन्त्य गर्ने एमालेको दाबी छ।

क्रमशः पृष्ठ २ मा

## कुन दलको घोषणापत्रमा के छ ?

- विदेशमा बस्ने नेपालीको ज्ञान, सीप र योगदान मातृभूमिमा जोड्ने, विदेशमा रहेकालाई फर्कन मन लाग्ने र सुनौलो अवसर देखिने देश बनाउने
- रोजगारीमा पठाउँदा ठगी, अत्यधिक शुल्क अशुली र भूटा करार गर्ने प्रवृत्तिको अन्त्य, वैदेशिक रोजगारीमा गइ विप्रेषण भित्र्याउने श्रमिकको सम्मान, नेपालमै बसेर विदेशी रोजगारदाताकोमा काम गर्नसक्ने प्रबन्ध मिलाइने
- वार्षिक नौ लाख रोजगारी सिर्जना गरी आगामी पाँच वर्षमा ४५ लाखलाई रोजगार बनाउने, रेमिट्यान्समा निर्भरता घटाउने
- वैदेशिक रोजगारीमा गएर देशमा विप्रेषण पठाइरहेका श्रमिकको सम्मानस्वरूप उनीहरूको बैंक खातामा वार्षिक पाँच हजार रूपैयाँ थप गरिदिने, योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा निरन्तरता हुने प्रबन्ध मिलाउने, बाध्यात्मक वैदेशिक रोजगारीलाई हटाउने
- वैदेशिक रोजगारीमा जानेमाथि हुने शोषणलाई पूर्णरूपमा अन्त्य गरिने, रिटर्नी उद्यमशीलता कार्यक्रममार्फत कम्तीमा एक लाखलाई उद्यमी बनाइने
- विदेशमा रहेका नेपालीको सीपलाई उद्यमशीलता तथा उद्योगमा रूपान्तरण गर्ने, 'ब्रेन ड्रेन' लाई 'ब्रेन गेन' मा बदल्ने
- वैदेशिक रोजगारीबाट फर्किएकाहरूलाई नेपालमा गरिखाने वातावरण बनाइ लगानी लगाएर उद्यमी बन्न प्रेरित गर्ने

एमालेको चुनावी घोषणापत्र

# २५ वाचा, १० महत्त्वाकांक्षी योजना

■ जेबी योञ्जन



**काठमाडौं–** प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गर्दै नेकपा एमालेले अर्थतन्त्रमा तीव्र विस्तार, स्वदेशमै रोजगारी सिर्जना र सुशासन सुदृढ गर्ने लक्ष्यसहित २५ वाचा र १० महत्त्वाकांक्षी योजना सार्वजनिक गरेको छ। घोषणापत्रमार्फत एमालेले पाँच वर्षभित्र देशको अर्थतन्त्र १०० खर्ब र १० वर्षमा २०० खर्ब पुऱ्याउने महत्त्वाकांक्षी लक्ष्य अघि सारेको छ।

पार्टीले 'मर्यादित श्रमः स्वदेशमै रोजगारी' अवधारणा अघि सार्दै वार्षिक पाँच लाख रोजगारी सिर्जना गर्ने प्रतिबद्धता जनाएको छ। न्यूनतम मासिक पारिश्रमिक २५ हजार रूपैयाँ पुऱ्याउने, उद्योग विस्तारमार्फत उत्पादन वृद्धि गर्ने तथा कृषि, पर्यटन र सेवा क्षेत्रलाई रोजगारीको मुख्य आधार बनाउने योजना प्रस्तुत गरिएको छ। कृषिमा आधुनिक प्रविधि, वर्षैभरि सिँचाइ र खाद्य आत्मनिर्भरता हासिल गरी कृषिमै पर्याप्त आम्दानी सुनिश्चित गर्ने एमालेको दाबी छ।

अध्यक्ष केपी शर्मा ओलीले घोषणापत्र सार्वजनिक गर्दै निर्वाचनबाट एमालेले एकल सरकार गठन गरेको अवस्थामा सबै वाचा पूरा गर्ने बताएका छन्। 'यी सबै वाचा पूरा गर्छौं,' उनले भने, 'हामीले अघि सारेका योजना कार्यान्वयन गर्छौं।'

एमालेले अर्थतन्त्र सुदृढीकरणका लागि उद्योग क्षेत्रको योगदान २० प्रतिशत पुऱ्याउने, आयात घटाएर निर्यात बढाउने र भुक्तानी सन्तुलन राष्ट्रिय पक्षमा ल्याउने नीति लिएको छ। वित्तीय प्रणाली सुदृढ गर्दै उत्पादनशील क्षेत्रमा लगानी बढाउने र सहकारी क्षेत्रमा पारदर्शिता कायम गर्ने प्रतिबद्धता पनि गरिएको छ।

डिजिटल पूर्वाधारलाई विकासको आधार मान्दै एमालेले युवामुखी कार्यक्रम अघि सारेको छ। १८ देखि २८ वर्षका युवालाई मासिक १० जिबी इन्टरनेट निःशुल्क दिने, स्टार्टअप उद्यमीलाई अन्तर्राष्ट्रिय कारोबारका लागि १० हजार डलरबराबरको कार्ड उपलब्ध गराउने योजना समेटिएको छ। शिक्षातर्फ प्राविधिक उच्च शिक्षा अध्ययन गर्न २० लाखसम्म निर्ब्याजी ऋण र 'पढ्दै कमाउँदै' कार्यक्रम लागू गर्ने उल्लेख छ।

क्रमशः पृष्ठ २ मा

## एमालेका १० महत्त्वाकांक्षी योजना

**अर्थतन्त्रमा विशाल छलाङ**
- पाँच वर्षभित्र देशको अर्थतन्त्रको आकार १०० खर्ब
- १० वर्षमा २०० खर्ब पुऱ्याउने
- प्रतिव्यक्ति आय तीन हजार अमेरिकी डलर पुऱ्याउने रोजगारी र न्यूनतम पारिश्रमिक
- स्वदेशमै वार्षिक पाँच लाख रोजगारी सिर्जना गर्ने
- श्रमिकहरूको मासिक न्यूनतम पारिश्रमिक २५ हजार पुऱ्याउने

**डिजिटल क्रान्ति**
- १८ देखि २८ वर्षका युवालाई मासिक १० जिबी इन्टरनेट डेटा निःशुल्क दिने
- स्टार्टअप र उद्यमी युवालाई अन्तर्राष्ट्रिय कारोबार गर्न १० हजार डलरबराबरको कार्ड उपलब्ध गराउने

**शिक्षामा लगानी**
- प्राविधिक उच्च शिक्षा पढ्ने विद्यार्थीलाई २० लाखसम्मको निर्ब्याजी ऋण उपलब्ध गराउने
- पढ्दै कमाउँदै नीति लागू गर्ने

**महिला सशक्तीकरण प्याकेज**
- महिला उद्यमीलाई २० लाखसम्म निर्ब्याजी ऋण
- सुत्केरी पोषणभत्ता २० हजार
- पाँच लाखको निःशुल्क जीवन बिमा

**पूर्वाधार विकास**
- पाँच वर्षभित्र पूर्व-पश्चिम विद्युतीय रेलमार्ग
- काठमाडौं-तराई द्रुतमार्गको निर्माण कार्य सम्पन्न गर्ने।

क्रमशः पृष्ठ २ मा

# रास्वपाको वाचाः राज्यसंयन्त्र दलमुक्त, १०० दिनमा सहकारीको बचत फिर्ता

■ प्रभाव संवाददाता



**काठमाडौं–** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले शिक्षा क्षेत्र, सहकारीका बचतकर्ताको सुरक्षा र राज्य संयन्त्रमा दलीय प्रभाव अन्त्य गर्ने एजेण्डासहित आगामी प्रतिनिधिसभा निर्वाचनका लागि वाचापत्र सार्वजनिक गरेको छ। कर्णाली प्रदेशको सुर्खेतबाट बिहीबार सार्वजनिक गरिएको वाचापत्रमा शिक्षक-प्राध्यापकलाई राजनीति गर्नबाट पूर्णरूपमा निषेध गर्नेदेखि लिएर सरकार गठन भएको १०० दिनभित्र साना बचतकर्ताको रकम फिर्ता गर्ने प्रतिबद्धता जनाएको छ।

वाचापत्रमा विद्यालय र विश्वविद्यालयलाई दलीय राजनीतिक गतिविधिको अखडा हुनबाट मुक्त गर्ने स्पष्ट उल्लेख गरिएको छ। 'विश्वविद्यालय र विद्यालयहरूलाई दलीय राजनीतिक गतिविधिको अखडा हुनबाट मुक्त गर्नेछौं। शिक्षक तथा प्राध्यापकहरूको राजनीतिक आबद्धतालाई पूर्णतः निषेध गर्नेछौं,' रास्वपाको वाचापत्रमा भनिएको छ।

उक्त दलले शैक्षिक संस्थाभित्र दलगत कार्यक्रम पूर्णरूपमा निषेध गर्दै विद्यार्थी संगठनमार्फत हुने अराजक गतिविधि नियन्त्रण गर्ने योजना अघि सारेको छ। 'विद्यार्थी संठनमार्फत हुने अराजकता, तोडफोड, जबरजस्ती बन्द र शैक्षिक वातावरणमा अवरोध सिर्जना गर्ने गतिविधिलाई नियन्त्रण गर्न शैक्षिक संस्थाभित्र दलगत राजनीतिक कार्यक्रम पूर्णरूपमा निषेध गर्नेछौं,' वाचापत्रमा छ।

विद्यार्थीको विचार अभिव्यक्ति र नेतृत्व विकासलाई भने प्रोत्साहन गरिने बताउँदै पार्टीले गैरदलीय, प्राज्ञिक विद्यार्थी प्रतिनिधित्व प्रणाली विकास गर्ने घोषणा गरेको छ। सार्वजनिक शिक्षाको गुणस्तर सुधार गर्न आगामी दुई दशकसम्म उल्लेख्य लगानी बढाइने र निजी क्षेत्रको शिक्षालाई पूरकका रूपमा स्वीकार गरिने नीति पनि वाचापत्रमा समेटिएको छ।

पार्टी सभापति रवि लामिछानेले वाचापत्र सार्वजनिक कार्यक्रममा बोल्दै पार्टीका वरिष्ठ नेता बालेन्द्र (बालेन) शाह प्रधानमन्त्री भए गरिबको बस्तीमा डोजर चलाउँछन्

क्रमशः पृष्ठ २ मा

## रास्वपाका १५ वाचा

१. शिक्षकलाई राजनीति निषेध
२. विद्यालय-विश्वविद्यालय दलमुक्त
३. शैक्षिक संस्थामा दलगत कार्यक्रम बन्द
४. गैरदलीय विद्यार्थी प्रणाली
५. सार्वजनिक शिक्षामा ठूलो लगानी
६. निजी शिक्षा पूरक मान्यता
७. १०० दिनमै बचत फिर्ता
८. बचत सुरक्षा कोष स्थापना
९. राज्य संयन्त्र दलमुक्त
१०. कर्मचारी-निकायमा दलीय अन्त्य
११. संविधान संशोधन गर्न बहसपत्र
१२. प्रत्यक्ष कार्यकारीको प्रस्ताव
१३. सांसद मन्त्री नहुने अवधारणा
१४. वायुसेवा निगममा निजी लगानी
१५. संस्थानमा व्यावसायिक व्यवस्थापन

**पृष्ठ १ बाट क्रमशः**

## रेमिट्यान्स...

साथै, मुलुकमै रोजगारीको सिर्जना गरी बाध्यात्मक वैदेशिक रोजगारीलाई हटाउनेसमेत योजना बनाएको छ ।

### नेपाली कम्युनिस्ट पार्टी (नेकपा)

नेकपाले वैदेशिक रोजगारीमा समकालीन विषयवस्तुहरू आफ्नो चुनावी प्रतिबद्धतापत्रमा समेटेको छ । जसमा रेमिटयान्सको सही सदुपयोग, रिटर्नीको व्यवस्थापनदेखि रोजगारीमा जाने श्रमिकमाथि हुने शोषणको अन्त्यसम्म रहेका छन् । नेकपाले विदेशमा रहेका जनशक्तिको ज्ञान, सीप, पुँजीलाई रोजगारी-स्वरोजगारी तथा लगानीका लागि अनुकूल वातावरण बनाउन रिटर्नी उद्यमशीलता कार्यक्रममार्फत कम्तीमा एक लाखलाई उद्यमी बनाइने वाचा गरेको छ। वैदेशिक रोजगारीमा जानेमाथि हुने शोषणलाई पूर्णरूपमा अन्त्य गर्न गन्तव्य मुलुकसँग श्रम सम्झौता गर्ने, न्यूनतम तलब सुविधा तथा अधिकार सुनिश्चित गर्ने प्रतिबद्धता जनाएको छ ।

पार्टीले बैंकिङ च्यानलबाट रेमिटचान्स भित्र्याएर उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने, श्रमिकको उद्धार, उपचार तथा कानुनी सहायता सुनिश्चित गर्न दूतावासमा स्रोत थप गर्ने दाबी गरेको छ । यसका लागि भएका कानुन, निर्देशिका तथा कार्यविधि कडाइका साथ कार्यान्वयन गरिने पनि जनाइएको छ । वैदेशिक रोजगारीलाई सुरक्षित बनाउन संघ, प्रदेश र स्थानीय तहको सहकार्य गर्ने, श्रमिकलाई विश्वबजारमा दक्ष बनाउन उद्योग संघहरूसँग साझेदारी गरिने तथा वैदेशिक श्रम कानुन परिमार्जन गरी अन्तर्राष्ट्रिय माहासन्धि र मापदण्डको पालना गर्दै जिटजीमा जोड दिने, मताधिकारको व्यवस्था गरिनेलगायतका प्रतिबद्धता नेकपाले जनाएको छ ।

त्यस्तै, श्रमिकहरूको राष्ट्रिय तथ्यांक प्रकाशन गरी सोही आधारमा रोजगार नीति अवलम्बन गरिने, स्थानीय तहमार्फत बेरोजगारको तथ्यांक सार्वजनिक गरी श्रमबजारसँग आबद्ध गर्ने, वैज्ञानिक पारिश्रमिक निर्धारण, सामाजिक सुरक्षामा आबद्धता, आगामी पाँच वर्षमा १५ लाख मर्यादित रोजगारी सिर्जनालगायतका कार्यक्रम नेकपाले ल्याएको छ ।

### राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)

वैदेशिक रोजगारीमा जाने नागरिकहरूको हित संरक्षण गर्न वैदेशिक रोजगार कम्पनीहरूलाई पारदर्शी, नियमसंगत र पूर्ण जवाफदेही बनाउने उद्घोष रास्वपाले गरेको छ । रोजगारीमा पठाउँदा ठगी, अत्यधिक शुल्क अशुली र झूटा करार गर्ने प्रवृत्तिमाथि कडा कारबाही गर्ने भनिएको छ । रास्वपाले पनि एमालेकोजस्तै आफ्नो वाचापत्रमार्फत वैदेशिक रोजगारीमा गइ विप्रेषण भित्र्याउने श्रमिकको सम्मान गर्ने भनेको छ। उनीहरूका लागि विशेष परिचयपत्र जारी गर्ने र सो परिचयपत्रका आधारमा सरकारी स्वास्थ्य, शिक्षा र अन्य सामाजिक सेवामा सहुलियतको व्यवस्था हुने दाबी गरिएको छ ।

उक्त पार्टीले नेपालमै बसेर विदेशी रोजगारदाताकोमा काम गर्नसक्ने प्रबन्ध मिलाउने कार्यक्रम अघि सारेको छ । विश्वव्यापी श्रमबजारमा आएको परिवर्तनलाई आत्मसात् गर्दै नेपालमै बसेर विदेशी रोजगारदाता, कम्पनी वा निकायमा लागि काम गर्न कानुनी तथा नीतिगत प्रबन्ध मिलाउने, श्रम ऐन तथा सम्बन्धित कानुनमा संशोधन गरी रिमोट वर्क, डिजिटल रोजगारी तथा सीमा पार सेवा निर्यातलाई वैधानिक मान्यता दिने भनिएको छ ।

रास्वपाले प्रवासमा रहेका नेपालीलाई देशको आर्थिक रूपान्तरणको मुख्य आधारस्तम्भको रूपमा हेर्ने दाबी गरेको छ । साथै, श्रमलाई सस्तो नभई सम्मानजनक मानव पुँजीका रूपमा स्थापित गर्दै सुरक्षित, मर्यादित र न्यायपूर्ण श्रमबजार निर्माण गर्न व्यापक सुधार ल्याउने योजना बनाएको छ ।

### उज्यालो नेपाल पार्टी

कुलमान घिसिङ नेतृत्वको उज्यालो नेपाल पार्टीले वैदेशिक रोजगारीको निर्भरता घटाउन आगामी पाँच वर्षमा ४५ लाख रोजगारी सिर्जना गर्ने घोषणा गरेको छ । हाइड्रो, कृषि, पर्यटन, आइटी, उद्योग, पूर्वाधार, शिक्षा, स्वास्थ्य र खेलकुद क्षेत्रबाट वार्षिक नौ लाख रोजगारी सिर्जना गरी उक्त लक्ष्यमा पुगिने उक्त दलको प्रतिबद्धतापत्रमा उल्लेख छ। सन् २०३५ सम्ममा वार्षिक १५ लाख रोजगारी सिर्जना गरिने बताइएको छ ।

उक्त पार्टीले आफ्नो घोषणापत्रमा ४० वर्षमुनिका युवाका लागि युवासेवा र सीप विकास गरिने, परिवारसँगै रोजगारी र उत्पादनमा रमाउने वातावरण बनाइने आफ्नो प्रतिबद्धतापत्रमा उल्लेख गरेको छ । यसैगरी सन् २०३५ सम्ममा बेरोजगारी पाँच प्रतिशतभन्दा कममा झार्ने दाबी गरिएको छ । यसका लागि प्राविधिक र व्यावसायिक तालिम, वैदेशिक लगानीमा विस्तार गरी रोजगारी सिर्जना गरिने बताइएको छ । यसबाट विप्रेषण निर्भर ता घट्नुका साथै बाध्यकारी वैदेशिक पलायन रोकिने उक्त पार्टीको दाबी छ ।

सातै प्रदेशमा १६-३५ वर्षका युवाका लागि युवा रोजगार मेला आयोजना गरी निःशुल्क सीप सिकाउने व्यवस्था मिलाइने, प्रत्येक घरमा रोजगारी अभियान सञ्चालन गरिने, उद्यमशीलता कोषबाट १० लाखसम्म निर्ब्याजी ऋणसहित मेन्टरसिपको व्यवस्था गरिने उज्यालो नेपाल पार्टीको प्रतिबद्धता छ । यसैगरी 'एक पटकको नेपाली, सधैंको नेपाली' भन्ने अवधारणालाई आत्मसात् गरी विदेशमा बसोवास गर्ने नेपाली र तिनका सन्तानलाई वंशजको आधारमा नागरिकता दिने व्यवस्थाका लागि आवश्यक कानुन निर्माण तथा संशोधन गरिने घोषणा गरिएको छ ।

### राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)

राप्रपाले विदेशमा रहेका नेपालीको सीपलाई उद्यमशीलता तथा उद्योगमा रूपान्तरण गर्ने विषय आफ्नो घोषणापत्रमा समेटेको छ । 'ब्रेन ड्रेन' अर्थात् बौद्धिक पलायनको संस्कृति हाबी हुँदै गइरहेको अवस्थामा विदेशको अनुभवलाई 'ब्रेन गेन'का रूपमा प्रयोग गरेर राष्ट्रिय प्रगतिमा योगदान गरिने जनाइएको छ ।

### श्रम संस्कृति पार्टी

हर्क साम्पाङ नेतृत्वको दल श्रम संस्कृति पार्टीले वैदेशिक रोजगारीको विषय एक बुँदामा समेटेको छ, जसमा वैदेशिक रोजगारीबाट फर्किएकाहरूलाई नेपालमा गरिखाने वातावरण बनाइ लगानी लगाएर उद्यमी बन्न प्रेरित गर्ने भनिएको छ । यो दलले विदेश पलायन रोकेर स्वदेशमै उद्यमी बनाउने विषयलाई प्राथमिकता दिएको छ । उक्त दलको घोषणापत्रमा श्रम र रोजगारी शीर्षकअन्तर्गत सबैलाई अनिवार्य श्रम गराउने, कर्मचारी होइन उद्यमी बन्न प्रेरित गर्ने, श्रमलाई सम्मानको विषय बनाउने, श्रम संसारमा हुने ठगी र शोषण अन्त्य गर्नेलगायतका बुँदा आफ्नो चुनावी घोषणापत्रमा समेटेको छ ।

■■■

## २५ वाचा...

महिला सशक्तीकरणका लागि महिला उद्यमीलाई २० लाखसम्म निर्ब्याजी ऋण, सुत्केरी पोषणभत्ता २० हजार र पाँच लाख रूपैयाँको निःशुःक जीवन बिमा दिने कार्यक्रम घोषणापत्रमा समावेश गरिएको छ । स्वास्थ्य क्षेत्रमा सबै नागरिकलाई गुणस्तरीय स्वास्थ्य बिमा र सामाजिक सुरक्षाको दायरामा ल्याउने, महिला स्वास्थ्य स्वयंसेविकाको भत्ता वृद्धि गर्ने योजना पनि अघि सारिएको छ ।

पूर्वाधार विकासलाई तीव्रता दिन पाँच वर्षभित्र पूर्व-पश्चिम विद्युतीय रेलमार्ग निर्माण, काठमाडौं-तराई द्रुतमार्ग सम्पन्न गर्ने, सुरक्षित यातायात र आधुनिक पूर्वाधार विस्तार गर्ने लक्ष्य राखिएको छ। ऊर्जा क्षेत्रमा विद्युत उत्पादन र खपत दोब्बर बनाउँदै नेपाललाई स्वच्छ ऊर्जा निर्यात केन्द्र बनाउने महत्त्वाकांक्षा व्यक्त गरिएको छ। सहरी विकासतर्फ स्वच्छ सहर, पूर्ण पूर्वाधार र नागरिकमैत्री आवास निर्माणलाई प्राथमिकता दिइएको छ भने 'गतिशील गाउँ, आधुनिक सहर' अवधारणामार्फत सन्तुलित विकास गर्ने योजना प्रस्तुत गरिएको छ । दुई वर्षभित्र सबै घरमा स्वच्छ खानेपानी पुऱ्याउने प्रतिबद्धता पनि गरिएको छ ।

सुशासन र भ्रष्टाचार नियन्त्रणका लागि 'सफा हात, स्वच्छ प्रशासन' अभियान सञ्चालन गर्ने, सेवा प्रवाह डिजिटल बनाउने र पारदर्शिता बढाउने एमालेको घोषणा छ । सार्वजनिक वित्त, प्रशासन र सहकारी क्षेत्रमा सुधार गर्दै जनतामैत्री शासन स्थापना गर्ने लक्ष्य उल्लेख गरिएको छ ।

विदेश नीतिमा 'सबैसँग मित्रता, कसैसँग शत्रूता छैन' सिद्धान्त अपनाउँदै गैरआवासीय नेपालीलाई विकासमा साझेदार बनाउने नीति लिइएको छ । पर्यटन प्रवर्द्धन, युवा सिर्जनशीलता र खेलकुद विकासमार्फत आर्थिक गतिविधि विस्तार गर्ने योजना पनि घोषणापत्रमा समेटिएको छ । एमालेले घोषणापत्रमार्फत आर्थिक रूपान्तरण, रोजगारी वृद्धि र सुशासन सुदृढ गर्दै समृद्ध नेपाल निर्माण गर्ने दाबी गरेको छ । निर्वाचनपछि जनमतको आधारमा यी कार्यक्रम चरणबद्ध कार्यान्वयन गर्ने पार्टीको प्रतिबद्धता छ ।

### एमालेका २५ वाचा

१. हाम्रो अर्थः आधा दशकमा सय खर्ब- एक दशकमा २०० खर्ब
२. मर्यादित श्रमः स्वदेशमै रोजगारी, स्वदेशमै काम
३. सुरक्षित, सम्मानजनक वासः आधुनिक, नागरिकमैत्री आवास
४. गतिशील गाउँ, आधुनिक सहरः आर्थिक विकासको नयाँ लहर
५. सहरको स्वच्छता, पूर्वाधारको पूर्णताः समुन्नत सहर हाम्रो प्रतिबद्धता
६. स्वच्छ पानी, सफा आँगनः स्वस्थ नेपाली, हाम्रो अभियान
७. उद्योग क्षेत्रको विस्तार, उत्पादनमा वृद्धिः २० प्रतिशत योगदान, राष्ट्रको समृद्धि
८. आयात घटाउने, निर्यात बढाउनेः भुक्तानी सन्तुलन राष्ट्रिय पक्षमा ल्याउने
९. आधुनिक खेती, उन्नत व्यवसायः कृषिमै रोजगारी, पर्याप्त आय
१०. हरियो वन, समुदायको धनः संरक्षण, उपयोग, दिगो व्यवस्थापन
११. सहकारीमा सुशासन र पारदर्शिताः बचतकर्ताको हित, हाम्रो प्रतिबद्धता
१२. पर्यटकको वृद्धि, लामो बसाइः गाउँ, सहरमा काम र कमाइ
१३. खेतीयोग्य जमिनमा कुलो र नहरः बाह्रै महिना सिँचाइ, खाद्यमा आत्मनिर्भर
१४. गुणस्तरीय शिक्षा, उन्नत प्रविधिः ज्ञानयुक्त नागरिक, देशका निधि
१५. स्वस्थ खाना, योग र व्यायामः निरोगी नेपालको महाअभियान
१६. डिजिटल पूर्वाधारः विकास र सुशासनको आधार
१७. सुरक्षित यातायात, आधुनिक पूर्वाधारः दिगो विकास, समृद्धिको आधार
१८. स्वच्छ ऊर्जा, स्वदेशमा खपतः हरित विकास, विदेशमा निर्यात
१९. पुनर्निर्माण र नयाँ निर्माण
२०. सुदृढ वित्तीय प्रणालीः उत्पादनशील लगानी
२१. सिर्जनशीलता युवा, नवीन विचारः समाज रूपान्तरणको सुदृढ आधार
२२. ऊर्जावान् खेलाडी, देशको शानः खेलकुदको विकास, राष्ट्रको मान
२३. सफा हात, स्वच्छ प्रशासनः गुणस्तरीय सेवा, जनप्रिय शासन
२४. सबैसँग मित्रता, छैन कसैसँग शत्रूता
२५. नेपालका सद्भाव दूत, एनआरएनको सम्मानः मातृभूमिको विकासमा सार्थक योगदान

■■■

## एमालेका १०....

**ऊर्जा र निर्यात**

- विद्युत उत्पादन र प्रतिव्यक्ति विद्युत् खपत दोब्बर बनाउने
- नेपाललाई दक्षिण एसियाकै स्वच्छ ऊर्जा निर्यातक हब बनाउने स्वास्थ्य र सामाजिक सुरक्षा
- महिला स्वास्थ्य स्वयंसेविकाको भत्ता वृद्धि गरेर वार्षिक २० हजार रपुऱ्याउने
- सबै नागरिकलाई गुणस्तरीय स्वास्थ्य बिमा र सामाजिक सुरक्षाको दायरामा ल्याउने

**कृषि र आत्मनिर्भरता**

- दुई वर्षभित्र सबै घरमा स्वच्छ खानेपानी पुऱ्याउने
- खाद्यन्नमा देशलाई आत्मनिर्भर बनाउँदै निर्यात दोब्बर गर्नेख

**पुनर्निर्माण संकल्पख**

- जेन-जी आन्दोलनमा क्षति भएका राष्ट्रिय संरचनाहरूको एक वर्षभित्रै पुनर्निर्माण सम्पन्न गर्ने

■■■

## रास्वपाको वाचाः...

भन्ने प्रचारलाई भ्रम भन्दै खण्डन गरे । उनले भने, 'कतिपय मान्छेलाई तर्साउने काम भइरहेको छ। बस्तीमा डोजर चल्छ भनिएको छ, गरिबको बस्तीले चिन्ता गर्नुपर्दैन, डोजर चल्यो भने भ्रष्टाचारीको महलमा चलाउँछौं ।' रास्वपाले राज्यका विभिन्न निकाय-कर्मचारीतन्त्र, शिक्षण सेवा, सुरक्षा निकाय, अदालत र संवैधानिक अंगमा कार्यरत व्यक्तिहरूको दलीय आबद्धता अन्त्य गर्न कानुनी तथा संस्थागत व्यवस्था गर्ने योजना पनि अघि सारेको छ । 'राज्य संयन्त्र कुनै दलको शाखा कार्यालय नभई सम्पूर्ण नागरिकको साझा संस्था हो। राज्यबाट तलब सुविधा लिनेहरूले दलप्रति होइन संविधानप्रति निष्ठा राख्नुपर्ने धारणा राखिएको छ,' रास्वपाले जनाएको छ ।

संविधान संशोधनका विषयमा पनि रास्वपाले स्पष्ट योजना सार्वजनिक गरेको छ । सरकार गठन भएको तीन महिनाभित्र संशोधनका प्रस्तावबारे 'बहसपत्र' तयार गरी राष्ट्रिय सहमति खोजिने बताइएको छ। वाचापत्रमा प्रत्यक्ष निर्वाचित कार्यकारी, पूर्णसमानुपातिक संसद्, सांसद मन्त्री नहुने व्यवस्था, गैरदलीय स्थानीय सरकार र सुधारिएको प्रादेशिक संरचनाजस्ता विषयमा छलफल गरिने भनिएको छ ।

रास्वपाले नेपाल वायुसेवा निगमको ४९ प्रतिशत सेयर स्वामित्व बेचेर निजी क्षेत्रलाई भित्र्याउने योजना अघि सारेको छ । रास्वपाले निगमको कूल सेयरमध्ये ५१ प्रतिशत सरकारकै नाममा राख्ने र बाँकी ४९ प्रतिशतको स्वामित्व निजी क्षेत्रलाई बेचेर लगानी भित्र्याउने उल्लेख गरेको हो ।

'निगमको वित्तीय अवस्था सुधार्न सरकारको ५१ प्रतिशत स्वामित्व हुनेगरी निजी क्षेत्रको सहभागिता भित्र्याउने र अन्ततः धितोपत्र बजारमा सूचीकृत गर्ने रणनीति अवलम्बन गर्नेछौं,' रास्वपाको वाचा छ ।

सोही नीतिमा रास्वपाले वायुसेवा निगमलाई राजनीतिक भागबण्डा र हस्तक्षेपबाट पूर्णरूपमा मुक्त गरी यसको सञ्चालन र व्यवस्थापनको जिम्मेवारी खुला प्रतिस्पर्धाबाट छानिएको व्यावसायिक टोलीलाई सुम्पिने उल्लेख गरेको छ। साथै, वायुसेवालाई छिटो, पारदर्शी र भ्रष्टाचाररहित प्रक्रियाबाट जहाज लिजमा लिई बजारले धान्नेसम्म उडान संख्या बढाउन लगाई थप जहाजको खरिद प्रक्रिया अगाडि बढाउने पनि रास्वपाले वाचा गरेको छ ।

# निर्धक्क भएर मतदान प्रक्रियामा भाग लिन गृहमन्त्रीको आह्वान



**काठमाडौं (प्रस)-** गृहमन्त्री ओमप्रकाश अर्यालले आगामी निर्वाचनका लागि आवश्यक सम्पूर्ण सुरक्षाको प्रबन्ध मिलाइ सकिएकाले मतदातालाई निर्धक्क भएर यही फागुन २१ गते मतदान प्रक्रियामा भाग लिन आह्वान गरेका छन् ।

बिहीबार बसेको केन्द्रीय सुरक्षा समितिको बैठकमा गृहमन्त्री अर्यालले चुस्त र भरपर्दो सुरक्षा प्रबन्धसहितको व्यवस्थामामात्रै निर्वाचन हुने भएकाले सबै सम्बद्ध निकायको साथ, सहयोग र समन्वयमा निर्वाचन तोकिएकै मितिमा सम्पन्न हुनेमा आफू विश्वस्त रहेको बताए । बैठकमा तीनवटै सुरक्षा अंगका प्रमुख र जिल्ला सुरक्षा समितिका पदाधिकारीहरूले गृहमन्त्री अर्यालसमक्ष सबै सुरक्षाका प्रबन्ध मिलाउँदै गएको र क्रमिकरूपमा जिल्लागत सुरक्षा रणनीतिलाई कार्यान्वयनमा लगिएको जानकारी गराएका थिए ।

गृहमन्त्रीको सचिवालयका अनुसार बैठकमा केन्द्रीय निर्वाचन सुरक्षा रणनीतिको कार्यान्वयन र फागुन २१ गते हुने निर्वाचनको समग्र तयारी सम्बन्धमा विस्तृत छलफल भएको थियो । बैठकमा गृहमन्त्री अर्यालले केन्द्रीय सुरक्षा समितिका पदाधिकारी, सातवटै प्रदेशका प्रमुख सचिव तथा ७७ वटै जिल्लाका प्रमुख जिल्ला अधिकारीसहित जिल्ला सुरक्षा समितिका पदाधिकारीबाट प्रदेश र जिल्लागत सुरक्षा रणनीति कार्यान्वयन र निर्वाचन तयारीबारे जानकारी लिएका थिए ।


**लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/०६/०९ मा दर्ता भएको **प्रा.लि. नं. १९९४५४/०७५/०७६** को **तिनजुरे नेपाल एग्रो फार्म प्रा.लि.** को मिति २०८२/११/०५ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः सन्दिप कुमार शाही, इजाजत पत्र नं. ६५२**

**ठेगाना :त्रिपुरेश्वर, काठमाडौं,**



**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेजी सम्बन्धी ३० दिने सूचना**

यस कार्यालयमा मिति २०७४/०१/२४ मा दर्ता भएको प्रा.लि.नं. १६८१४८ को **राइजिङ्ग कन्सल्टेन्सी सर्भिसेज प्रा.लि.** नामक कम्पनीले दफा १३६ क अनुसार विशेष दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाणसहित हक दावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।



**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेजी सम्बन्धी ३० दिने सूचना**

यस कार्यालयमा मिति २०६३/०२/३० मा दर्ता भएको प्रा.लि.नं. ३९८९३ को **राइजिङ्ग स्टार ओभर्सीज प्रा.लि.** नामक कम्पनीले दफा १३६ क अनुसार विशेष दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाणसहित हक दावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।



# Thakre Rural Municipality
## Office of the Rural Municipal Executive
**Mahadevbesi, Dhading**
**Bagmati Province, Nepal**

## Invitation for Electronic Bids

***Date of Publication: 2082-11-08***

1. Thakre Rural Municipality has allocated funds to cover eligible payment under the contract below

| S.No. | Contract ID No. | Project Title | Estimated cost (with VAT) (NRS) | Bid Security amount (NRS) | Bid Document fee (NRS) |
|---|---|---|---|---|---|
| 1. | 07/NCB/WORKS/ THAKRE/2082/083 | Building Construction Work of Agriculture Cold Store, Laboratory and Sales Stall | 1,02,99,081.78/- | 3,09,000/- | 3,000/- |

2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Thakre Rural Municipality, Dhading, Nepal or visit PPMO website at: www.bolpatra.gov.np/egp
3. Bidding documents are available online and can be downloaded from e-GP system http://www.bolpatra.gov.np/egp Interested Bidders shall register in the e-GP system and deposit the cost of bidding document NRs. 3000.00/- in the following bank account:

**Bank Name** : Prabhu Bank Ltd., Mahadevbesi Branch
**Office Name** : Thakre Rural Municipality
**Office Account No.** : 0510101118900121

4. Interested Bidder should submit online Bids through e-procurement portal http://www.bolpatra.gov.np/egp only on or before **2082-12-08 at 12:00 noon.**
5. Online bid shall be opened in the presence of bidders who choose to attend on ***2082-12-08 at 14:00*** hours at the office of Thakre Rural Municipality, Dhading, Nepal. Bids must be valid for a period of **90 days** accounting from the date of bid opening and must be accompanied by bid security, as mentioned above which shall be valid for at least ***30 days*** beyond the bid validity period or may deposit a sum of above mentioned amount on ***Thakre Rural Municipality, Dharauti Account no: 0510101118900041*** on account maintained at ***Prabhu Bank, Mahadevbesi, Dhading***. A scanned copy of bid security or cash deposit voucher should be uploaded in e-GP system during bid Submission.
6. If the office happens to be closed on the specified date of bid opening, the bid will be opened on the next working day at the same time and venue.

***Chief Administrative Officer***



**युएइमा रोजगार** कम्पनी : **AL GEEMI CONTRACTING COMPANY L.L.C.**

पूर्व स्वीकृति मिति : २०८१/१०/११ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/११/०७ | LT. No. 317729 | चलानी नं. ६०२३१९२६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Drilling Operator | 39 | 0 | 1500 | ५९,४३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ फागुन १५ गते (27th Feb. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GREAT NEPAL H.R PVT.LTD.**
Chundevi-04, Kathmandu, Nepal, Ph. No: 01-4547074, Mobile: 9705000446/9705000447/9705000448 9705000449/9705000450/9705000451/9705000452 E-mail : infogreatnepalhr2000@gmail.com, Web: www.greatnepalhr.com.np
Govt. License No. 1688/080/081



**मलेसियामा रोजगार** कम्पनी : **SEBIRO SECURITY SERVICES SDN BHD**

पूर्व स्वीकृति मिति : २०८२/०७/१९ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/११/०७ | LT. No. 333379 | चलानी नं. ६०२४७०१६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 8 | 0 | 1700 | ६२,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ फागुन १५ गते (27th Feb. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |



**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



**GULF MANAGEMENT INTERNATIONAL PVT.LTD**
Tokha-9, Gongabu, Kathmandu, Nepal, Tel. :- +977-1-5906493, 4970134, Mobile: 9851040203, 9851419911
E-mail :- gulfmanagementinter@gmail.com, Web Site :-www.gulfmmi.com
श्रम ईजाजत नं. ७८८/०६५/०६६

**मलेसियामा रोजगार** कम्पनी : **EMFORCE SDN BHD**

पूर्व स्वीकृति मिति : २०८२/११/०५ | LT. No. 339159 | चलानी नं. ६०२५२६५२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security | 10 | 0 | 1700 | ६३,२५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : **KURNIAWAN SECURITY SERVICES SDN.BHD**

पूर्व स्वीकृति मिति : २०८२/११/08 | LT. No. 339062 | चलानी नं. ६०२५२५९१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 50 | 0 | 1700 | ६३,२५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ फागुन १५ गते (27th Feb. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |



**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



**Lucky Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. १३८/०५५/०५६
Dhobighat-3, Ringroad, Lalitpur, Nepal, 01–5153055 / 01–5153033
Email: luckyoverseas1998@gmail.com | overseaslucky@gmail.com, Website: www.luckyoverseas.com

# 'निर्वाचन आचारसंहिताविपरीत मत सर्वेक्षण गरे कारबाही'

■ प्रभाव संवाददाता



**काठमाडौं–** कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले कुनै पनि किसिमका मत सर्वेक्षण नगर्न सञ्चारमाध्यमसँग अनुरोध गरेका छन् । १० औं निर्वाचन दिवसका अवसरमा बिहीबार निर्वाचन आयोगले आयोजना गरेको कार्यक्रममा उनले मत सर्वेक्षणलाई निर्वाचन आचारसंहिताले निषेध गर्ने भएकाले यस्ता घटना भए कारबाही गरिने बताए ।

निर्वाचनका समयमा सत्य समाचारलाई झूट र झूटो समाचारलाई सत्य बनाएर प्रस्तुत गर्नसक्ने भएकाले पनि सचेत हुन कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले आग्रह गरे । 'राजनीतिक दलका समर्थकले पनि निर्वाचन आचारसंहिता पालना गरेर निर्वाचन गराउनतिर लाग्नुस्, सामाजिक सञ्जाल प्रयोग गरेर कसैलाई मानमर्दन नगरौं, सत्य र तथ्यमा आधारित भई काम गरौं, निर्वाचनमा सामाजिक सञ्जाल पेचिलो विषय भएकाले यसको प्रयोग गर्दा ध्यान दिऔं,' उनले भने ।

कसैको दबाब र प्रभावमा नपरी सही प्रतिनिधि छान्न उनले मतदातालाई पनि आह्वान गरे । सुरक्षाको बैठक गरेर निर्वाचन सुरक्षाका विषयमा नीति र रणनीति तय गर्न लागिएको जानकारी पनि कार्यवाहक प्रमुख आयुक्त भण्डारीले सो अवसरमा गराएका थिए । निर्वाचन आचारसंहिता बाहिर गएर प्रचारप्रसार गरे जिल्ला-जिल्लामा निर्वाचन अधिकृतको कार्यालयले कारबाही गर्ने भएकाले सचेत हुन पनि उनले ध्यानाकर्षण गराए । पर्यवेक्षण गर्नेले तोकिएका काममात्र गनुपर्नेमा आयोगले सचेत गराएको छ ।

धेरै भन्दा धेरै मत खसाल्न लगाउने र खसेका मत सबै सदर गराउने गरी काम गर्न उनले मतदाता शिक्षामा संलग्न स्वयंसेवक, निर्वाचन प्रक्रियामा खटिएका कर्मचारी, सुरक्षाकर्मी र सम्बद्ध सबैमा अनुरोध गरे । निर्वाचनमा सानो गल्तीले पनि ठूलो समस्या आउन सक्ने भएकाले उच्च मनोबलका साथ सचेत भएर काम गर्नुपर्नेमा कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले जोड दिए ।

आयोगका सचिव कृष्णबहादुर राउतले फागुन २१ गतेको निर्वाचनका लागि जिल्लाजिल्लामा मतदान अधिकृत तोक्ने र तालिम दिने काम भइरहेको जानकारी गराए । निर्वाचन शिक्षासम्बन्धी धेरै विषय आयोगले वेबसाइट र आयोगको आधिकारिक सामाजिक सञ्जालका पृष्ठबाट राखिरहेको पनि उनले उल्लेख गरे । अहिले देशभरका छ हजार ७४३ वटै वडामा मतदातालाई शिक्षा दिने काम भइरहेको सचिव राउतले जानकारी दिए । निर्वाचनलाई पारदर्शी बनाउन यसपटक आयोगले खर्च व्यवस्थापन कार्यविधि पारित गरी राजनीतिक दल र उम्मेदवारले पनि निर्वाचन प्रयोजनका लागि छुट्टै खाता खोल्नुपर्ने व्यवस्था गरेको जानकारी उनले उल्लेख गरे ।

आयोगका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईले २०१५ साल फागुन ७ गते नेपालमा पहिलोपटक निर्वाचन भएको सम्झनामा आयोगले २०७३ साल फागुन ७ गतेदेखि निर्वाचन दिवस मनाउन थालेको जानकारी दिए । पहिलोपटक नागरिकले मत हालेर सार्वभौम भएको दिनको स्मरणमा आयोगले प्रत्येक वर्ष फागुन ७ गते यो दिवस मनाउन थालेको उनले उल्लेख गरे ।

# निर्वाचनले नयाँ युगको ढोका उघार्ने प्रधानमन्त्रीको विश्वास

**काठमाडौं (प्रस)–** प्रधानमन्त्री सुशीला कार्कीले स्वच्छ, निष्पक्ष, शान्तिपूर्ण र भयमुक्त वातावरणमा निर्वाचन सम्पन्न गरी मुलुकमा दिगो लोकतान्त्रिक स्थायित्वको नयाँ युगको ढोका उघार्ने प्रयत्नमा सरकारले सम्पूर्ण तागत लगाएको बताएकी छन् ।

राष्ट्रिय प्रजातन्त्र दिवस २०८२ का अवसरमा बिहीबार सैनिक मञ्च टुँडिखेलमा आयोजित विशेष समारोहलाई सम्बोधन गर्दै उनले निर्वाचनबाट आउने संसद् र सरकारले लोकतन्त्रलाई अझ जीवन्त, नतिजामुखी र जनउत्तरदायी प्रणालीका रूपमा अघि बढाउने विश्वास व्यक्त गरिन् ।



प्रधानमन्त्री कार्कीले सबल लोकतन्त्रले असन्तोषलाई दमन नगर्ने र त्यसलाई सुधारको अवसरका रूपमा ग्रहण गर्नुपर्नेमा जोड दिइन् । 'प्रजातन्त्रलाई अब शासकीय स्वरूपमा आएको प्राविधिक परिवर्तनका रूपमामात्र कदापि हेरिनु हुँदैन । अब त खासमा यो एउटा जीवनशैली हो । यो इन्टरनेटमा हुने अभिव्यक्ति स्वतन्त्रतादेखि भान्सामा पाक्ने तरकारीको मूल्यसम्ममा झल्कनुपर्छ,' उनले भनिन् ।

प्रधानमन्त्री कार्कीले लोकतन्त्र केवल प्रक्रियामात्र नभएको उल्लेख गर्दै यसले नतिजा दिनुपर्नेमा जोड दिइन् । 'विधिको शासन आवश्यक छ तर प्रक्रियाको नाममा नागरिकलाई अल्झाएर राख्नु, ढिलासुस्ती, हैरानी र प्रताडना दिनु पनि लोकतन्त्रको अभ्यास होइन । यो त बेथिति हो,' उनले भनिन् ।

वर्तमान सरकारले जेन-जी आन्दोलनको आवाजलाई गम्भीरतापूर्वक लिएको जनाउँदै प्रधानमन्त्री कार्कीले सुशासन, पारदर्शीता, समन्याय र जवाफदेहितालाई व्यवहारमा रूपान्तरण गर्ने दिशामा सरकारका प्रयास अभिमुख भइरहेको दाबी गरिन् । 'हाम्रो लोकतन्त्रको मुख्य चुनौती भ्रष्टाचार, स्रोतमा सीमित वर्गको हालीमुहाली र दण्डहीनता नै हो । ठूलो युवा पंक्ति पलायन भएर हाम्रा गाउँहरू खाली हुनुको प्रमुख कारण पनि यही नै हो,' उनले भनिन् ।


## कम्पनी खारेज (बन्द) सम्बन्धी सूचना

कम्पनी ऐन २०६३ बमोजिम २०७६/११/२१ गते **बिजग्रो ट्रेनिङ्ग एण्ड एच.आर. कन्सल्टेन्सी प्रा.लि.** को नामबाट दर्ता भएको प्रा.लि.नं. २३५८४७ कम्पनीको मिति २०८२/११/०७ मा बसेको विशेष साधारण सभाले कम्पनी स्वेच्छिक रूपमा खारेजी (लिक्वडेशन) गर्ने विशेष प्रस्ताव पारित गरेको हुँदा यस कम्पनीमा कोही कसैको कुनै बाँकी बक्यौता वा लेनदेन आदि बाँकी भएमा वा खारेज गर्नु नपर्ने अन्य कुनै कारण भएमा तथ्युक्त आधार र सबुद प्रमाणसहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र हकदाबी गर्न सूचित गरिन्छ ।

**लिक्विडेटर : शेर बहादुर रोकाया (प्र.प.नं. २८७)**
बबरमहल, काठमाडौं । सम्पर्क : ९८५११६३७२३

## कम्पनी खारेज (बन्द) सम्बन्धी सूचना

कम्पनी ऐन २०६३ बमोजिम २०७४/१२/१३ गते **के.सि.एस. बिजनेश सोलुशन्स प्रा.लि** को नामबाट दर्ता भएको प्रा.लि.नं. १८६४३६ कम्पनीको मिति २०८२/११/०७ मा बसेको विशेष साधारण सभाले कम्पनी स्वेच्छिक रूपमा खारेजी (लिक्वडेशन) गर्ने विशेष प्रस्ताव पारित गरेको हुँदा यस कम्पनीमा कोही कसैको कुनै बाँकी बक्यौता वा लेनदेन आदि बाँकी भएमा वा खारेज गर्नु नपर्ने अन्य कुनै कारण भएमा तथ्युक्त आधार र सबुद प्रमाणसहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र हकदाबी गर्न सूचित गरिन्छ ।

**लिक्विडेटर : शेर बहादुर रोकाया (प्र.प.नं. २८७)**
बबरमहल, काठमाडौं । सम्पर्क : ९८५११६३७२३

## लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७७/११/०५ मा प्रा.लि.न २५६१३५ मा दर्ता भएको **पसल रन प्रा.लि.** को मिति २०८२/११/०५ मा सम्पन्न विशेष बैठकको विशेष निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसंग कोही कसैको कुनै किसिमको लेनदेन वा बाकी बक्यौता रहेको भए यो सूचना प्रकाशन गरिएको मितिले ३५ दिन भित्र निम्न लिखीत लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटर : नारायण प्रसाद शर्मा (इजाजत पत्र नं. ४४१)**
**पुतलीसडक, काठमाडौं । सम्पर्क न. ९८५११२८५२०**

## सूचना

यस Om Overseas Employment Pvt. Ltd. (ई.प.नं.१५१८/०७४/)७५) मा कार्यरत दल्सुर घर्ती (ना.प्र.प्र.नं.४७३२) र अन्जना खत्री (ना.प्र.प्र.नं.४४१)७४/०००८६) लाई आजको मितिबाट यस प्रा.लि.बाट हटाइएको हुनाले निजसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । साथै, मगज बोगटी (ना.प्र.प्र.नं.५०५१५) लमजुङ र दिपेन्द्र यादव (ना.प्र.प्र.नं.४८७२००१८)सर्लाही लाई सो पदमा नियुक्त गरिएको तथा यही मिति २०८२/११/०७ गतेबाट यस संस्थाको पोखरास्थित शाखा कार्यालय बन्द गरिएको पनि यसै सूचनामार्फत जानकारी गराइन्छ ।

Govt. License 1518/074/075
OM OVERSEAS EMPLOYMENT PVT.LTD
Basundhara - 3, Kathmandu, Nepal,Tel : +977-1-5903266, 985-1105656, 980102050,
Pokhara Branch: 9846325187, E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## कम्पनीको दर्ता खारेजी सम्बन्धी 30 दिने सूचना

यस कार्यालयमा मिति २०७४/०१/२४ मा दर्ता भएको प्रा.लि.नं. १६८१४९ को **राइजिङ स्टार कोचिङ इन्स्टीच्युट प्रा.लि.** नामक कम्पनीले दफा १३६ क अनुसार विशेष दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाणसहित हक दावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

## कुवेतमा रोजगार

कम्पनी : KUWAIT FLOUR MILLS & BAKERIS CO.

पूर्व स्वीकृति मिति : २०८२/०४/१४ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/११/०७ | LT. No. 320366 | चलानी नं. ६०२३४४९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Operation Technician | 27 | 0 | 152 | ७२,११० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Assistant Supervisors | 23 | 0 | 233 | ११०,५४० | | | | | | | |
| 3. | Dough Kneader. | 11 | 0 | 152 | ७२,११० | | | | | | | |
| 4. | Dough Mixer | 6 | 0 | 233 | ११०,५४० | | | | | | | |
| 5. | Fire Fighters | 11 | 0 | 138 | ६५,४९० | | | | | | | |
| 6. | Forkit Operator (Gcc Valid License) | 11 | 0 | 152 | ७२,११० | | | | | | | |
| 7. | Heavy Driver Kuwait Returned | 1 | 0 | 190 | ९०,१४० | | | | | | | |
| 8. | Industrial Equipment Installation M | 2 | 0 | 152 | ७२,११० | | | | | | | |
| 9. | Machine Operator/machinist | 36 | 0 | 190 | ९०,१४० | | | | | | | |
| 10. | Master Baker | 24 | 0 | 409 | १९४,०३५ | | | | | | | |
| 11. | Occupation Security & Safety Technician | 17 | 0 | 233 | ११०,५४० | | | | | | | |
| 12. | Production Helpers | 39 | 0 | 124 | ५८,८२५ | | | | | | | |
| 13. | Production Quality Controller | 5 | 0 | 340 | १६१,३०० | | | | | | | |
| 14. | Production Supervisor | 10 | 0 | 299 | १४१,८५० | | | | | | | |
| 15. | Security & Safety Technician | 24 | 0 | 152 | ७२,११० | | | | | | | |
| 16. | Senior Machine Operator | 1 | 0 | 233 | ११०,५४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन १५ गते (27th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC. 904/067/068
DECENT EMPLOYMENT PVT. LTD.
Samakhushi, Townplanning, Kathmandu, Nepal, Ph. No: +977-014973104
E-mail : cv.decentemployment@gmail.com, decentemploymentnepal@gmail.com, Website : www.decentemployment.com.np

## साउदीमा रोजगार

कम्पनी : ABDULLAH AL OTHAIMMARKETS COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०५/१३ | पुन विज्ञापन | LT. No. 330189 | चलानी नं. ६०२४३९७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Shelves Packing Worker | 15 | 0 | 1000 | ३८,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन १५ गते (27th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1047/073/74
YOUNG MANPOWER PVT.LTD. (PUJAN H. R. SERVICE)
Gaushala-9, Kathmandu, Nepal, Tel: +977-1-4583814, 4583815 , 4583816
E-mail : youngmanpower123@gmail.com, Web: https://www.youngmanpower.com.np/

## युएइमा रोजगार

कम्पनी : EVER GOLD BUILDING CLEANING LLC-DUBAI BRANCH

पूर्व स्वीकृति मिति : २०८२/०४/०९ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/११/०७ | LT. No. 327892 | चलानी नं. ६०२४१६७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 50 | 50 | 1000 | ३९,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : BASATIN LANDSCAPING LLC

पूर्व स्वीकृति मिति : २०८१/०६/१९ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/११/०७ | LT. No. 311874 | चलानी नं. ६०२२६२६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Tile layer | 1 | 0 | 1200 | ४७,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 20 | 0 | 1200 | ४७,५४० | | | | | | | |
| 3 | Agriculture Worker | 7 | 0 | 900 | ३५,६५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन १५ गते (27th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Frontline Recruitment
FRONTLINE RECRUITMENT PVT.LTD.
Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4593645, 4593646, 4593647
Email: info@manpoweragencynepal.com
Govt. License 886/067/068

## सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
## धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको ७ (सात) दिने सूचना

**प्रकाशित मिति: २०८२/११/०८**

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय लहान, सिरहाबाट तपसिलमा उल्लेखित तपाई ऋणीले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ, ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवम् मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले मिति वि.सं. २०८१/०२/०३ गतेको मा नागरिक राष्ट्रिय दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्ता गर्ने सम्बन्धमा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना, मिति २०८१/०९/०३ गतेको मा राजधानी राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना र २०८२/०८/२५ गतेको मा नयाँ पत्रिका दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको ७ (सात) दिने सूचना प्रकाशित गरी ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो ७ (सात) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ८ (आठ) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय लाहान सिरहामा दिउँसो १:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ । सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ । सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ ।

**तपसिल**

**१. कर्जा शिर्षक : सिटिजन्स अधिविकर्ष (Overdraft) कर्जा**

**ऋणी फर्मको नाम र ठेगाना**

**नाम : दिप जेनरल स्टोर**
रजिष्टर्ड ठेगाना : वडा नं ८ छपराडी (हाल: धनगढिमाई वडा नं. ११, सिरहा)
रजिष्ट्रेसन नं. : ३२६६/०७०/०७१ (नेपाल सरकार वाणिज्य तथा आपुर्ति मन्त्रालय वाणिज्य विभाग, घरेलु तथा साना उधोग कार्यलय लहान, सिराहा)
रजिष्ट्रेसन मिति : २०७३/०६/१०
पान नं. : ६०१५०२४५९ (आन्तरिक राजश्व कार्यालय, लहान, सिराहा)

| फर्मको प्रोप्राईटरको नाम र ठेगाना | जमानीकर्ताको नाम र ठेगाना |
|---|---|
| **नाम : प्रदिप कुमार साह** | **नाम : राम दुलारी साह** |
| बाबु : राम नारायण साह | बाबु : दशै साह तेली |
| बाजे : वादैर साह | पति : प्रदिप कुमार साह |
| ठेगाना : भवानीपुर-८, सिराहा | ससुरा : राम नारायण साह |
| हाल : धनगढिमाई न.पा.-११, सिराहा | ठेगाना : धनगढिमाई-१, सिराहा |
| ना.प्र.नं. : ९७३/३८६७३ | हाल : धनगढिमाई न.पा.-११, सिराहा |
| जारी मिति : २०५९/०५/१९ | ना.प्र.नं. : १५-०१-७४-०४२०८ |
| जि.प्र.का. : सिराहा | जारी मिति : २०७४/०४/०८ |
| | जि.प्र.का. : सिराहा |

**धितो राखिएको सम्पत्ति विवरण:**

**धितो सुरक्षण धनीको नाम : प्रदिप कुमार साह**

| जिल्ला | न.पा./गा.वि.स. | वडा नं./नक्सा सिट | कि.नं. | क्षेत्रफल (बि.क.धु.) | कैफियत |
|---|---|---|---|---|---|
| सिराहा | नैनपुर | ९क | २०४८ | ०-०-१५ | सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापात समेत । |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्यादभित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन ।

**लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :**

१. गोप्य शिलबन्दी बोलपत्रदाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नु पर्नेछ ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई चल/अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैंकले भुक्तान माग गरेको मितिले ७ दिनभित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वत: जफत हुनेछ ।
४. लिलाम बिक्री भएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुन: लिलामी खोल्ने कार्य हुनेछ ।
७. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ७ अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ ।
८. उक्त लिलाममा राखेको चल/अचल सम्पत्ति नामसारी/दा.खा. रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ ।
९. लिलाम बिक्री हुने चल/अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लि. को नारायणहिटी पथ, दरबारमार्ग स्थित प्रधान कार्यालय वा शाखा कार्यालय लाहान, सिराहामा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ ।

**लिलाम खोलिने मिति :- २०८२/११/१५ गते, शुक्रवार**
**समय :- दिउँसो १:०० बजे**
**स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय लाहान, सिराहा ।**

Citizens Bank

**मुख्य कार्यालय:**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोन: ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्स: ९७७ १ ४५२७०४४
इमेल: info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टर: support@ctznbank.com, ०१-५९७००६८

THE BANKER BANK OF THE YEAR | THE BANKER BANK OF THE YEAR

# Pipra Rural Municipality
# Office of the Rural Municipal Executive

**Pipra, Mahottari**
**Madhesh Pradesh, Nepal**

## Invitation for Electronic Bids

**1st Date Of Publication :-8th Falgun, 2082(2026 February 20)**

1. Pipra Rural Municipality, Office of The Rural Municipal Executive,Pipra,Mahottari invites electronic bid from the all eligible and qualified registered Suppliers and bidders for the procurement of following Goods under Sealed Quotation (SQ), name and Contract identification number are mentioned below though the details are in the bid document.

| s.n. | Sealed Quotation number | Item Description | Bid document fees NRs. | Estimated Amount inclusive all types of VAT & contingencies (in NRs.) | Bid security amount (in NRs.) | Bid submission Deadline | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|
| 1 | Pipra/Goods/SQ-01/082-083 | Supply and Delivery of Medicine at Pipra Rural Municipality | 1000/- | | 1,42,000.00 | 08-03-2026 (12:00 hour) | 08-03-2026 (14:00 hour) |

2. For further information please refer to PPMO's website http://bolpatra.gov.np/egp . Any amendment in notice or bid document will be posted in notice of this office or PPMO's website.

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### मतदाता शिक्षालाई थप प्रभावकारी बनाऊ

प्रतिनिधिसभा निर्वाचन आउन अब मात्र १३ दिन बाँकी छ । निर्वाचन आयोगले यही फागुन २१ गते हुने निर्वाचनको अन्य तयारीसँगै मतदाता शिक्षालाई पनि प्राथमिकता दिएर सञ्चालन गरिरहेको छ । फागुन ३ गतेदेखि देशभर सुरु गरिएको मतदाता शिक्षा विशेष कार्यक्रम फागुन १७ गतेसम्म चल्ने आयोगको भनाइ छ । आयोगसँगै राजनीतिक दलहरूले पनि आ–आफ्नो तरिकाले मतदातालाई निर्वाचनबारे सूचनाहरू प्रवाह गरिरहेका छन् ।

आयोगले निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, विश्वसनीय, मर्यादित र भयमुक्त वातावरणमा सम्पन्न गर्न निर्वाचनको विषयमा आम नागरिकलाई सुसूचित गर्नका लागि मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्दै आएको छ । निर्वाचन शिक्षा तथा मतदाता शिक्षा निर्देशिका, २०७८ बमोजिम स्वीकृत कार्यक्रमअनुसार सो कार्यक्रम सञ्चालन गरिरहेको बताइएको छ । देशभरका ७५३ स्थानीय तहका छ हजार ७४३ वडामा सञ्चालन भइरहेको कार्यक्रमका लागि एक–एक जना मतदाता शिक्षा स्वयंसेवक परिचालन गरिएको छ । आयोगका अनुसार त्यसरी खटिएका स्वयंसेवकले आम मतदाताको बस्ती र घरदैलोमा पुगेर नमूना मतपत्रको माध्यमबाट निर्वाचनको महत्त्व र मतदान प्रक्रियाका बारेमा मतदातालाई जानकारी गराउने छन् ।

यसरी आयोगले सञ्चालन गरिरहेको मतदाता शिक्षा कार्यक्रमलाई प्रभावकारी बनाउन जरुरी छ । प्रभावकारी मतदाता शिक्षाले निर्वाचनमा मतदाताको सहभागिता बढाउनेदेखि बदर मतको अनुपात न्यूनीकरणमा महत्त्वपूर्ण भूमिका खेल्दछ । त्यसैले यो कार्यक्रमलाई प्रभावकारी बनाउन आयोगले सरोकारवाला सबैसँग समन्वय गर्न जरुरी छ । यद्यपि, आयोगले सो कार्यमा सहयोग, समन्वय र सहजीकरणका लागि सातै प्रदेश सरकार, सबै स्थानीय तह, निर्वाचनको प्रतिस्पर्धामा रहेका राजनीतिक दल, उम्मेदवार तथा सञ्चार जगतलगायत सम्पूर्ण सरोकारवालालाई अनुरोध गरिएको बताएको छ ।

मतदाता शिक्षाको कमी हुँदा विगतका निर्वाचनहरूमा बदर मतको संख्या उच्च हुने गरेका तथ्यलाई बिर्सनु हुन्न । मतपत्रमा आफूले चाहेको उम्मेदवारको चुनाव चिह्नमा कसरी सही तरिकाले मतदान गर्ने भन्नेमा मतदाताहरू अनभिज्ञ हुँदा एकातिर मतपत्र बदर हुने र अर्कोतर्फ चाहेका उम्मेदवारले मत नपाउने समस्या हुने गर्दछ । मतदाता शिक्षामार्फत यसबारे मतदातालाई सुसूचित गरेर यस्तो समस्या दोहोरिन दिनु हुँदैन । मतदाता शिक्षालाई ‘कर्मकाण्डी’ बनाउनु हुँदैन । विशेषगरी ग्रामीण क्षेत्रका मतदातासम्म यो कार्यक्रम पुऱ्याउन जरुरी छ । आयोगले परिचालन गरेका स्वयंसेवकहरूले सही तरिकाले काम गरिरहेका छैन कि छैनन्, त्यसको प्रभावकारी अनुगमन गरिनुपर्छ । यो कार्यमा निर्वाचन आयोगमात्र नभई राजनीतिक दल तथा सरोकारवाला सबैले भूमिका खेल्नुपर्छ ।

## श्रम सरोकार

### वैदेशिक रोजगारीमा जाने श्रमिकका लागि आवश्यक जानकारी

- वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएरमात्र जानुपर्दछ ।
- सरकारले खुला गरेका मुलुकहरूबाहेक वैदेशिक रोजगारका लागि जान नहुने देशहरू विभागको वेबसाइटमा हेर्न सकिन्छ ।
- १८ वर्ष उमेर पूरा नभई वैदेशिक रोजगारमा जान पाइँदैन । खाडी मुलुकमा जान महिला घरेलु कमदारको हकमा २४ वर्ष उमेर पूरा भएको हुनुपर्दछ ।
- श्रम स्वीकृति लिएर व्यक्तिगतरूपमा पनि वैदेशिक रोजगारमा जान सकिन्छ ।
- वैदेशिक रोजगारमा जानुअघि कम्तीमा १० लाख रूपैयाँ बराबरको बिमा गराउनुपर्दछ ।
- सरकारबाट स्वीकृति प्राप्त स्वास्थ्य संस्थामा स्वास्थ्य जाँच गराएर मात्र जानुपर्दछ ।
- वैदेशिक रोजगारमा प्रस्थान गर्नुअघि पूर्वप्रस्थान अभिमुखीकरण तालिम अनिवार्य लिनुपर्दछ । महिला कामदारले अभिमुखीकरण तालिमका लागि तिरेको रकम वैदेशिक रोजगार बोर्डबाट सोधभर्ना पाइन्छ ।
- वैदेशिक रोजगारमा जान रोजगारदाता र पठाउने कम्पनीसँग करार गर्नुपर्दछ ।
- श्रम स्वीकृतिका लागि करार अवधि तीन वर्षसम्मको भएमा एक हजार ५०० रूपैयाँ र तीन वर्षभन्दा बढीको भएमा दुई हजार ५०० रूपैयाँ कल्याणकारी कोषमा जम्मा गर्नुपर्दछ ।
- विभागले तोकेबमोजिम सीपको तालिम लिई सोको प्रमाणपत्र पेस गर्नुपर्दछ ।
- वैदेशिक रोजगारमा जाँदा स्वदेशी विमानस्थलको प्रयोग गर्नुपर्दछ ।
- म्यानपावर कम्पनीलाई तिरेको पैसाको रसिद लिनुपर्दछ ।
- सम्झौताबमोजिम रोजगार उपलब्ध नगराएमा कामदार वा निजको आफन्तले विभागसमक्ष क्षतिपूर्तिका लागि उजुरी दिन सक्ने छ ।
- कामदारले आर्जन गरेको रकम बैंक वा इजाजत प्राप्त बैंकिङ सेवा प्रदान गर्ने संस्थामार्फत स्वदेश पठाउनुपर्छ ।
- करारबमोजिम सुविधा नपाई कामदार अलपत्र परी स्वदेश फर्काउन परेमा म्यानपावरले नै स्वदेश फर्काउनुपर्ने छ ।
- कामदारले भिसाको म्याद, करार अवधि र श्रम स्वीकृतिको म्याद सकिएपछि स्वदेश फर्कनुपर्दछ ।

# कागजी ‘बुलेटिन’देखि ‘डिजिटल’युगसम्म



❑ एकराज पाठक

“ त्यसबेला समाचार समितिहरूले सुरुमा हातले लेखेको र पछि लिथोमा तयार पारिएका समाचार बुलेटिनहरु वितरण गर्ने गर्दथ्यो भने अहिले एउटै क्लिकमा देशभित्र मात्र नभएर जुनसुकै कुनाका लागि पनि सेवा उपलब्ध छ । अनि त्यसबेला सुरुमा पत्रिका र रेडियोमात्र रहेकामा पछि टेलिभिजन पनि समाचार समितिका सेवाग्राहीको सूचीमा परेको थियो भने अहिले अनलाइन न्युज पोर्टलहरु मुख्य सञ्चारमाध्यमका रूपमा उदाएका छन् । यसरी सञ्चारका माध्यमको प्रकृति फेरिएको छ र प्रविधिले समाचार सम्प्रेषणका तौरतरिकालाई पनि पूर्णतः बदलिदिएको छ ।

नेपालबाटै पहिलोपटक प्रकाशन भएको नेपाली भाषाको साहित्यिक पत्रिका सुधासागरलाई आधार मान्दा नेपाली पत्रकारिताको इतिहासले १२७ वर्ष पूरा गरेको छ । यो मासिक पत्रिकाको प्रकाशन वि.सं. १९५५ साउनमा भएको थियो । त्यसको तीन वर्षपछि अर्थात् वि.सं. १९५८ को वैशाख २४ गते साप्ताहिक पत्रिकाका रूपमा गोरखापत्र प्रकाशन भएपछि नेपालमा अखबारी पत्रकारिताको सुरुआत भएको मान्न सकिन्छ । यस हिसाबले हेर्दा हाम्रो देशमा पत्रकारिताको इतिहासलाई पुरानो एवं सम्पन्न नै मान्नुपर्छ ।

नेपालमा २००७ फागुन ७ गते प्रजातन्त्रको स्थापनापछि मात्र नेपाली प्रेसले नागरिकको विचार तथा अभिव्यक्ति एवं प्रेस स्वतन्त्रताको उपयोग तथा उपभोग गर्ने अवसर प्राप्त गरेको हो । जसका बाबजुत राणा शासनको १०४ वर्षको अवधि गोरखापत्रसहित जम्मा १३ वटामात्र पत्रिका प्रकाशनमा सीमित रहेकामा २००७ देखि २०१७ सालको प्रजातन्त्रको दशकमा ३०० को हाराहारीमा पत्रपत्रिका प्रकाशित भएका थिए । यो उत्साहपूर्ण अवस्थालाई मध्यनजर गरी सरकारले पत्रिका प्रकाशनको कार्यलाई थप व्यवस्थित र मर्यादित बनाउने सोच बनायो र २०१४ माघ २९ गते तत्कालीन विशेष न्यायाधीश कृष्णप्रसाद चापागाईंको अध्यक्षतामा प्रेस कमिसन गठन गऱ्यो ।

राज्यस्तरबाट मुलुकको प्रेस जगत्को अस्तित्व या आवश्यकता स्वीकारिएको सायद यो नै पहिलो घटना हुनसक्छ । तत्कालीन शाही प्रेस सेक्रेटरी, सञ्चार मन्त्रालयका प्रतिनिधि, वरिष्ठ पत्रकारहरू र सञ्चार क्षेत्रका विज्ञसमेत सम्मिलित सात सदस्यीय सो कमिसनले नेपाल सरकारलाई २०१५ साल जेठमा प्रतिवेदन बुझायो । नेपाली पत्रकारिताको इतिहासमा प्रेस कमिसन प्रतिवेदन २०१५ का नाममा परिचित यस प्रतिवेदनले त्यो अवधिका करिब ३०० को हाराहारीमा प्रकाशन भइरहेका पत्रपत्रिकाको व्यवस्थापन प्रवर्द्धन र संरक्षणका लागि विभिन्न बुँदामा सुझाव प्रस्तुत गरेको छ । सो प्रतिवेदनले नेपालमा समाचार समितिको स्थापना गर्नुपर्ने सुझाव पनि दिएको थियो । यही प्रतिवेदनले नै पहिलोपटक नेपालमा समाचार समिति स्थापना हुनुपर्ने सुझाएको थियो ।

सम्भवतः यही सरकारी कमिसनको सुझावका आधारमा हुनुपर्दछ देशमा समाचार समितिको जन्म भयो । सरकारी समितिले दिएको सुझाव भए पनि मुलुकको पहिलो समाचार समिति भने निजी क्षेत्रको प्रयासबाट आएको छ । मुलुकमा पहिलोपटक समाचार समितिलाई जन्म दिने श्रेय त्यो समयका युवा पत्रकार गोपालदास श्रेष्ठ, मदन शर्मा, गोविन्द वियोगी र गणेश मानन्धरलाई जान्छ । उहाँहरूले २०१६ पुस १ गते नेपाल संवाद समिति, नेससको स्थापना गर्नुभयो । त्यतिबेलासम्म नेपालमा रेडियोको पनि जन्म भइसकेको थियो । प्रजातन्त्र रेडियो (वर्तमान रेडियो नेपाल) नै वि.सं. २००७ बाट प्रसारण सुरु भएको हो । यसरी पत्रिकापछि रेडियोहुँदै नेपाल समाचार समिति युगमासमेत प्रवेश गरेको थियो । यसको करिब साढे चार महिनापछि पत्रकारहरू मणिन्द्रराज श्रेष्ठ, पशुपतिदेव पाण्डे र शंकरनाथ शर्माले २०१७ साल वैशाख ३० गते सगरमाथा संवाद समिति, सससको स्थापना गर्नुभयो । यो नेपालको दोस्रो समाचार समिति भयो ।

उता राजा महेन्द्रले २०१७ साल पुस १ गते देशको दुईतिहाइ बहुमतको कांग्रेस सरकारलाई अपदस्थ गरी पञ्चायती व्यवस्थाको सुरुआत गरे । प्रजातन्त्रको त्यो दशकमा नेपालको इतिहासमा पहिलोपटक प्रेस स्वतन्त्रताको भरपूर अभ्यास गरिरहेको नेपाली प्रेस अब सरकारी ‘सेन्सरसिप’को फेला पर्ने निश्चितजस्तै भयो ।

राजाको त्यो कदमले बहुदलीय व्यवस्थामाथि प्रतिबन्ध लगाएसँगै अब देशमा प्रेस स्वतन्त्रताका कदमलाई पनि थप कडा पार्न थालियो । सरकार र विशेषगरी पञ्चायती व्यवस्थाको विरोध गरेर लेख्न नपाइने, बहुदलवादी राजनीतिक दलहरूका क्रियाकलापहरूले पत्रपत्रिकामा स्थान नपाउने भएपछि अब पत्रपत्रिका प्रकाशनको दायरा खुम्चिने अवस्थातिर पुग्यो । यदि पत्रपत्रिका नै प्रकाशनमा आएनन् भने त समाचार समितिको अवस्था पनि कमजोर हुने नै भयो । सगरमाथा संवाद समितिका संस्थापक मणिन्द्रराज श्रेष्ठले केही समयअघि समाचार समिति स्थापना गरिहाले पनि सञ्चालन गर्न निकै कठिन भएको अनुभव सुनाउनुभएको थियो ।

उहाँले निकै थोरै पैसा लिएर स्वदेशी दैनिक पत्रपत्रिकालाई समाचार बिक्री वितरण गरी आएको र दुईवटा समाचार समितिको सञ्चालन आर्थिक अवस्थाका कारण पनि कठिन हुँदै गएको अनुभव सुनाउनुभएको थियो । त्यसैमा पनि अब पत्रिका बन्द हुने अवस्था देखेपछि ती समाचार समिति एक प्रकारले भन्ने हो भने बन्द हुने अवस्थामै पुगेका थिए ।

त्यसै समयमा राजा महेन्द्र स्वयं नै सरकारले नै गोरखापत्र र रेडियो नेपालजस्तो गरी संवाद समिति सञ्चालन गर्नुपर्ने योजनामा रहेका थिए । यसअनुरूप यी दुवैलाई गाभेर २०१८ फागुन ७ गते राष्ट्रिय संवाद समिति, राससको स्थापना गरी सञ्चालन सुरु गरेको देखिन्छ । यसरी राससको स्थापना गर्दा नेपाल सरकारका तर्फबाट सरकारका तत्कालीन सचिव रामराज पौड्याल, नेपाल संवाद समितिका तर्फबाट गोविन्द वियोगी र सगरमाथा संवाद समितिका तर्फबाट मणिन्द्रराज श्रेष्ठ संस्थापकका रूपमा छानिनुभएको थियो । उहाँहरू नै राससका संस्थापक हुनुहुन्छ । दुई समाचार समिति गाभ्नुपर्नाको कारण आर्थिक नै भएको संस्थापकहरूले समय-समयमा विभिन्न माध्यमबाट व्यक्त गर्नुभएका अनुभवबाट पनि थाहा हुन्छ ।

त्यही राससले देशको प्रमुख समाचार समितिका रूपमा आफ्नो ६५ वर्षे ऐतिहासिक यात्रा पार गरेको छ । राससको स्थापनाको समयका तुलनामा आज समय र प्रविधिमा आकास पातालको परिवर्तन आइसकेको छ । उ बेला समाचार बुलेटिन छापेर वितरण गर्दै आएको राससको सेवा अहिले भने संसारका कुनै पनि कुनाबाट ‘लग-इन’ गरेर प्राप्त गर्न सकिन्छ । उ बेला लिथोग्राफी र कागजी बुलेटिनमा छापिएको रासस अहिले कागजविहीन अर्थात् ‘पेपरलेस’ स्वरूपमा सेवा प्रदान गर्नसक्ने हैसियतमा पुगेको छ ।

बितेको छ दशकमा राससले जसरी सेवा गऱ्यो त्यसको तुलनामा यतिखेर देशमा राजनीतिकरूपमा पनि धेरै परिवर्तन भइसकेको छ । अहिले राससलाई राजदरबारको प्रवक्ता एवं मुख्य प्रचारकको रूपमा काम गनुपर्ने बध्यता छैन । न त पञ्चायती व्यवस्थाजस्तै कुनै व्यवस्थाको पक्षपोषण गर्नुपर्ने दबाब नै छ । उ बेला र पछिल्लो समयका अनेक कालखण्डका तुलनामा राससलाई अहिले समाचार उत्पादन र वितरणमा स्वतन्त्रता छ ।

त्यसबेला देशमा करिब साढे २०० को हाराहारीमा रहेका पत्रिकालाई सेवा दिने प्रयोजनार्थ सम्पादकहरूले समाचार समितिको आवश्यकता ठानेका थिए भने आज राससका अगाडि हजारौं आमसञ्चारमाध्यम छन् । फेरि ती माध्यमभन्दा पनि बलिया सामाजिक सञ्जालहरू छन् । यी सञ्जालले ती मिडियालेभन्दा बढी सूचना बोकेका र प्रसार गरेका छन् । त्यस्तै सञ्चारमाध्यमको विविधता पनि दिनप्रतिदिन अचम्मको बन्दै गएको छ ।


जस्तो कि त्यसबेला समाचार समितिहरूले सुरुमा हातले लेखेको र पछि लिथोमा तयार पारिएका समाचार बुलेटिनहरू वितरण गर्ने गर्दथ्यो भने अहिले एउटै क्लिकमा देशभित्र मात्र नभएर जुनसुकै कुनाका लागि पनि सेवा उपलब्ध छ । अनि त्यसबेला सुरुमा पत्रिका र रेडियोमात्र रहेकामा पछि टेलिभिजन पनि समाचार समितिका सेवाग्राहीको सूचीमा परेको थियो भने अहिले अनलाइन न्युज पोर्टलहरू मुख्य सञ्चारमाध्यमका रूपमा उदाएका छन् । यसरी सञ्चारका माध्यमको प्रकृति फेरिएको छ र प्रविधिले समाचार सम्प्रेषणका तौरतरिकालाई पनि पूर्णतः बदलिदिएको छ ।

प्रेस काउन्सिल नेपालको वार्षिक प्रतिवेदन, २०८०/८१ का अनुसार नेपालमा दैनिक पत्रपत्रिका ७४०, अर्धसाप्ताहिक ३१, साप्ताहिक दुई हजार ९०५, पाक्षिक ४०१, मासिक ६१२, द्वैमासिक ६१, त्रैमासिक १११, अन्य ३८ गरी चार हजार ८९९ वटाको संख्यामा प्रकाशन दर्ता रहेको अभिलेख छ । यसैगरी पाँच हजार वटाको हाराहारीमा अनलाइन न्युज पोर्टल दर्ता भएका छन् भने एक हजारभन्दा बढी तथा २४६ टेलिभिजन सञ्चालनका लागि इजाजत लिएको देखिन्छ । पत्रकार महासंघको एक तथ्यांकअनुसार नेपालमा महासंघमा आबद्ध रहेका पत्रकारको संख्या आठ हजारको हाराहारीमा छ । त्यसो त महासंघमा आबद्धता नरहेका अर्थात् सदस्य नरहेका पत्रकारको संख्या पनि छ । यो तथ्यांकबाट नेपालमा आमसञ्चारका माध्यमहरूको स्थापना र सञ्चालनको दायरा विस्तारित हुँदै गएको स्पष्ट त देखिन्छ नै, यसका अतिरिक्त पत्रकारहरूको संख्या पनि बढ्दै गएको छ ।

त्यसैले यो विशाल बजारका अगाडि राससले आफूलाई प्राविधिक र समाचारीय स्वरूपमा आमूल फेरबदल ल्याउनुपर्ने अवस्था छ । देशको समाचार समितिका सामु यी द्रुत मिडियासँग प्रतिस्पर्धा गर्नुपर्ने चुनौती एकातर्फ छ भने अर्कातर्फ विश्वसनीयताका लागि सन्तुलन कायम गर्नुपर्ने पनि छ । किनभने, कहीँ कतै ‘आशंका’ लाई स्रोत उद्धृत गरेर आएका समाचारसँगै मानिसहरूले राससको समाचारको खोजी सुरु गरिहाल्छन् । यस्ता आशंका या उच्च स्रोतको हवला दिइएका समाचारले एकै घण्टामा मिडिया र सोसियल मिडियाको बजार तताइसकेको हुन्छ, त्यही समाचार सरकारी अधिकारीलाई पुष्टि गरेर एक घण्टामात्र पछि दिँदा पनि हामी ‘पछि परेको’ अर्थ लागिहाल्छ । यी राससका सामु प्रविधिले थपिदिएका चुनौती हुन् । यस्तो अवस्थामा आफू पर्दा पछाडि बसेर, देशका हजारौं मिडियामार्फत राज्यका सूचनाहरू सम्प्रेषण गरी आमनागरिकलाई सूचना प्रदान गर्नुपर्ने दायित्व राससमक्ष अहिले पनि उस्तै नै छ ।

नेपाली समाचार सेवाबाट सुरु गरेको राससले वि.सं. २०२० देखि नै अंग्रेजी भाषामा पनि समाचार सेवा सुरु गरेको हो । राससले हाल अन्य मातृभाषाहरूमा पनि समाचार सेवा प्रदान गरिरहेको छ । राससको मूल सेवा भने नेपाली र अंग्रेजी भाषामै छ । यसका अतिरिक्त आलेख, अन्तर्राष्ट्रिय समाचार, नेपाली तथा अन्तर्राष्ट्रिय तस्बिर, श्रव्यदृश्य सेवा राससले उपलब्ध गराउँदै आएको छ । राससले २४ सै घन्टा समाचार सेवा प्रदान गर्दै आएको छ ।

# निर्वाचनमार्फत लोकतन्त्रको सबलीकरण



❑ डा. रामवरण यादव

नेपालमा प्रत्येक वर्ष फागुन ७ गते मनाइने प्रजातन्त्र दिवस केबल ऐतिहासिक सम्झनाको दिनमात्र होइन, लोकतान्त्रिक मूल्य, जनअधिकार र राष्ट्रिय एकाताको पुनःप्रतिबद्धताको अवसर पनि हो । प्रजातन्त्र दिवसले नेपाली जनताले अधिकार प्राप्त गरेको २००७ सालको क्रान्तिको याद गराउँछ । नेपाली जनताको अधिकारको ढोका खुलेको फागुन ७ गते अविस्मरणीय दिन रहेको छ । लामो संघर्षबाट जनताले पाएको अधिकार २०१७ सालमा अपहरण भएकामा २०४६ सालमा पुनः प्राप्त हुनसक्यो ।

वि.सं. २०५९ राजाको प्रत्यक्ष हस्तक्षेपबाट प्रजातन्त्र अपहरणमा भएकामा २०६२/६३ को आन्दोलनबाट पुनः त्यो अधिकार जनतामा आइएको छ । यसरी नेपालको इतिहासमा २००७, २०४६ र २०६२/६३ सालका आन्दोलनहरूका आ-आफ्नै महत्त्व रहे पनि यी सबै आन्दोलनको जग भने २००७ सालकै क्रान्ति हो । नेपाली जनताले निरंकुश शासन व्यवस्थाविरुद्ध संघर्ष गर्दै प्रजातन्त्र स्थापना गरेका थिए ।

नेपाली जनताको दीर्घकालीन संघर्ष, त्याग र बलिदानबाट प्राप्त प्रजातन्त्र हाम्रो राष्ट्रिय गौरवको धरोहर हो । यस ऐतिहासिक उपलब्धिले जनताको सार्वभौमसत्ता स्थापित गर्दै देशलाई लोकतान्त्रिक मार्गमा अग्रसर गराएको छ । प्रजातन्त्र दिवस केबल उत्सव होइन, जिम्मेवारी र आत्ममूल्यांकनको दिन हो ।

प्रजातन्त्रको मूल आधार भनेको जनताको सर्वोच्चता हो । प्रजातन्त्रमा जनता नै सार्वभौम हुन्छन्, उनीहरू नै मालिक हुन् । शासन जनताको इच्छाअनुसार चल्नुपर्छ भन्ने सिद्धान्तलाई व्यवहारमा लागू गर्नु नै प्रजातन्त्रको वास्तविक परीक्षण हो । जनताको सक्रिय सहभागिताविना लोकतन्त्र सुदृढ हुनसक्दैन । संविधानले दिएका अधिकारको उपयोगसँगै नागरिकले आफ्नो कर्तव्य पनि पूरा गर्नुपर्छ । नेपालको राजनीतिमा २०१७ सालको घटनापछि गत भदौ २३ र २४ गतेको घटनाले लोकतन्त्र र संविधानलाई नराम्ररी प्रभावित पारेको छ । भदौ २३ गते जेन-जी युवाहरूले गरेको प्रदर्शन सही थियो तर २४ गतेको घटनाले लोकतन्त्रमाथि खतराको संकेत गर्दछ ।

सुशासन, पारदर्शिता, भ्रष्टाचार नियन्त्रण, सामाजिक न्याय र समान अवसरको सुनिश्चिततामार्फत समृद्ध र आत्मनिर्भर नेपाल निर्माणतर्फ अघि बढ्न सकिन्छ । विकास, सुशासन, भ्रष्टाचार नियन्त्रण र समान अवसरको सुनिश्चितता लोकतन्त्रको सार्थकता मापन गर्ने आधार हुन् । लोकतन्त्रको सफलता नागरिकको जीवनस्तरमा सुधार, पारदर्शिता, भ्रष्टाचार नियन्त्रण र सेवा प्रवाहसँग जोडिएको हुन्छ । लोकतन्त्रलाई सुदृढ बनाउन राजनीतिक स्थायित्व, सुशासन, पारदर्शिता, भ्रष्टाचार नियन्त्रण, न्यायिक स्वतन्त्रता र प्रभावकारी सेवा प्रवाह अनिवार्य छन् ।

नेपालको बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक विशेषतालाई लोकतन्त्रको शक्ति मान्न सकिन्छ । प्रजातन्त्र केबल अधिकार प्राप्तिको माध्यममात्र होइन; यसले कर्तव्यबोध, सहिष्णुता, राष्ट्रिय एकता र पारस्परिक सम्मानलाई पनि सुदृढ बनाउँछ । लोकतन्त्र तबमात्र सार्थक हुन्छ, जब राज्यका सबै नागरिकले समान अवसर र सम्मानको अनुभूति गर्छन् । समावेशीता, संघीयता र सामाजिक न्यायको अवधारणा यही चरणमा सुदृढ भएको देखिन्छ । सामाजिक सद्भाव कायम गर्दै विकास, सुशासन, पारदर्शिता र भ्रष्टाचार नियन्त्रणमार्फत समृद्ध राष्ट्र निर्माण गर्नु आजको प्रमुख आवश्यकता हो । लोकतन्त्रको रक्षा र सुदृढीकरणमा राज्य, राजनीतिक दल र नागरिक सबैको साझा दायित्व रहेको हुन्छ ।

गत भदौ २३ र २३ गतेको घटनापछि उत्पन्न राजनीतिक परिस्थितिले लोकतन्त्रका लागि झण्डै आठ दशकको बलिदानबाट लोकतान्त्रिक संविधानलाई नराम्ररी ‘डयामेज’ गरेको छ । आशा गरौं यही फागुन २१ गते हुन गइरहेको निर्वाचनले लोकतन्त्रलाई सबलीकरण गर्दै संविधानको संरक्षण गर्न सहयोग पुग्ने छ । यसलाई सकारात्मकरूपमा लिनुपर्छ । जनता सजग नभएसम्म यस्ता घटना भइरहन्छन् । जनता चेतनशील हुनुपर्छ । संविधानप्रदत्त समावेशीता, लोकतान्त्रिक प्रणाली समाज निर्माण गरिरहेका छौं । भदौ २४ मा भएको क्षतिलाई निर्वाचनले पूरा गर्न सक्ने विश्वास लिएका छौं । अब पनि यस्ता दुर्घटनाहरू हुन नदिन तथा शान्ति, स्थिरता र अमनचयन खल्बलिन नदिन सबै नेपाली सजग हुनुपर्छ ।

*(पूर्वराष्ट्रपति डा. यादवसँग राससले गरेको कुराकानीमा आधारित)*



**तालिममा निर्वाचन प्रहरी** | निर्वाचन आयोगको प्रांगणमा निर्वाचनका लागि खटिने अस्थायी रूपमा भर्ना गरिएको निर्वाचन सशस्त्र प्रहरीहरू तालिममा सहभागी हुँदै । *तस्बिरः रासस*

मुक्तकमैयाको उम्मेदवारलाई प्रश्न

# हाम्रा माग कहिले पूरा हुन्छन् ?

■ **राजेन्द्रप्रसाद पनेरू**

**कञ्चनपुर–** चुरेफेदस्थित शुक्लाफाँटा नगरपालिकाअन्तर्गत पर्ने मुक्तकमैया बस्ती नौखरी प्रवेश गर्ने मुख्य मार्गमा राखिएको होर्डिङ बोर्ड (सूचना पाटी)ले निर्वाचन नजिकिएको संकेत गर्छ । उक्त बोर्ड कुनै व्यावसायिक प्रयोजनका लागि नभई प्रतिनिधिसभा सदस्य निर्वाचनका उम्मेदवारलाई लक्षित गरी राखिएको हो । बोर्डमा स्पष्ट शब्दमा लेखिएको छ, 'हाम्रा माग कहिले पूरा हुन्छन् ?'

बाध्यकारी श्रम प्रथाबाट मुक्त गरिएका कमैयालाई समाजमा पुनर्स्थापना गर्ने सरकारी घोषणाको अढाइ दशक बितिसक्दा पनि आधारभूत अधिकार र सेवाबाट वञ्चित हुनुपरेको भन्दै बस्तीबासीले १८ बुँदे मागसहितको होर्डिङ बोर्ड बस्ती प्रवेशद्वारमा राखेका हुन् । २०५८ सालदेखि उक्त बस्तीमा ६४८ मुक्तकमैया परिवार बसोबास गर्दै आएका छन् ।

सरकारले जमिन उपलब्ध गराएर पुनर्स्थापना गरेको जनाए पनि व्यवहारमा मुक्तकमैया परिवार अझै असुरक्षित र सीमित अधिकारको घेरामा रहेको गुनासो बस्तबासीको छ । पुनर्स्थापनाका क्रममा प्राप्त जमिन लालपुर्जामा परिणत नभएको, धितो राख्न नपाइने र बिक्री गर्नसमेत नपाइने अवस्थाले आर्थिक क्रियाकलापमा बाधा पुगेको ५० वर्षीय जोगिराम डगौराले बताए । पाँच कट्ठा जमिन पाएको जनाउँदै त्यसलाई बैंकमा धितो राख्न वा बिक्री गर्न नपाइने कानुनी सीमाले उद्यम गर्न कठिनाइ भएको उनले बताए । 'उद्यम गर्न चाहँदा पनि कानुनी व्यवस्थाले रोक्छ,' उनले भने, 'त्यसको अन्त्य गर्ने व्यवस्था गरिनुपर्‍यो ।'

बस्तीमा शुद्ध खानेपानीको अभाव अर्को गम्भीर समस्या बनेको छ । हालसम्म हेण्डपम्पको पानी प्रयोग गर्नुपरेको भन्दै त्यसमा आर्सेनिक तथा आइरनको मात्रा बढी रहेकाले विभिन्न समयमा स्वास्थ्य समस्या आउने गरेको डगौराले जानकारी दिए । 'पानीका कारण बस्तीमा विभिन्न स्वास्थ्य समस्या देखिएका छन्,' उनले भने, 'वैकल्पिक स्रोत नहुँदा जोखिमयुक्त पानी पिउनुपर्ने बाध्यता छ ।'

स्थानीय महिलाहरूका अनुसार स्वास्थ्य उपचार पूर्णरूपमा निःशुल्क हुनुपर्ने माग पटक-पटक उठाए पनि कार्यान्वयनमा ठोस् प्रगति भएको छैन । घरकटुवा र सनबोरा नदीले बर्सेनि बस्ती क्षेत्र कटान गर्दै आएको स्थानीय मायादेवी चौधरीले बताइन् । 'बस्ती जोगाउन तटबन्ध निर्माणको माग वर्षौंदेखि गर्दै आएका छौं, तर सुनुवाइ भएको छैन,' उनले भनिन् । वर्षायाममा बस्तीबासी त्रासमा बस्नुपर्ने अवस्था रहेको उनको भनाइ छ ।

बस्तीमा व्यवस्थित सडक र ढल निकासको अभाव छ भने विद्यालयमा गुणस्तरीय शिक्षा नहुँदा अभिभावक चिन्तित छन् । उच्च तहसम्म पूर्णनिःशुल्क शिक्षा सुनिश्चित गर्नुपर्ने मागसमेत बोर्डमा उल्लेख गरिएको छ । परिवारअनुकूल स्तरीय आवास, सुरक्षित सडक सञ्जाल, स्वच्छ वातावरण तथा जंगली जनावरबाट सुरक्षा व्यवस्था गर्नुपर्ने मागसमेत राखिएको छ ।

युवाहरूका लागि रोजगारीको अवसर नहुँदा भारतीय सहरतिर जानुपर्ने बाध्यता रहेको स्थानीयको भनाइ छ । बस्तीका ३३ वर्षीय आशिष चौधरीले स्वदेशमा रोजगारी सिर्जना गर्ने योजना ल्याउने उम्मेदवारलाई समर्थन गर्ने बताए । 'हामी विदेशिन चाहँदैनौं, गाउँमै रोजगारी चाहिन्छ,' उनले भने । दुई दशकदेखि व्यावसायिक तरकारीखेती गर्दै आएका महादेव चौधरीले सरकारी अनुदान पहुँचवालामा सीमित भएको गुनासो गरे । 'मिहेनत गर्ने किसानले पाउँदैनन्, पहुँच भएकालेमात्रै अनुदान पाउँछन्,' उनले भने, 'यो प्रवृत्ति अन्त्य गर्ने नेतृत्व चाहिएको छ ।'

मुक्तकमैया तथा कमलरीलाई परिचयपत्र उपलब्ध गराउन, बस्तीका श्रमिकलाई पञ्जीकरण गरी सामाजिक सुरक्षा कोषमा सूचीकृत गर्न र गाउँसभा तथा नगरसभामा प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने माग बस्तीका बासिन्दाले अघि सारेका छन् । बस्तीका लागि छुट्टै बजेट विनियोजन र स्थानीय तहमा श्रम सम्बन्ध समिति गठन गर्नुपर्ने साथै भलमन्सा ऐन संशोधन, भुइँयारी तथा देवथान निर्माणलगायत सांस्कृतिक पहिचानसँग सम्बन्धित विषय पनि मागसूचीमा समेटिएका छन् ।

बस्तीका अगुवा भागिराम चौधरीका अनुसार प्रचारप्रसारका क्रममा घरदैलोमा आउने उम्मेदवारलाई प्रवेश मार्गमा राखिएको बोर्ड पढ्न लगाइन्छ । 'हाम्रा मागमा स्पष्ट प्रतिबद्धता जनाउने उम्मेदवारलाई मात्रै मत दिन्छौं,' उनले भने । उनका अनुसार विगतमा आश्वासनमात्र पाइए पनि कार्यान्वयन नभएको अनुभवले यसपटक सामूहिक सल्लाहबाट मतदान गर्ने रणनीति अपनाइएको छ ।

'विगतका गल्ती दोहोर्‍याउँदैनौं, विवेक प्रयोग गरेर मतदान गर्छौं,' उनले भने, 'हाम्रो माग सुविधा प्राप्तिकोमात्र होइन, सम्मानजनक जीवनयापनको सुनिश्चिततासँग जोडिएको छ । पुनर्स्थापनाको अढाइ दशकपछि पनि आधारभूत सेवा, आर्थिक अवसर र सुरक्षित आवास सुनिश्चित नभएकाले चुनावलाई दबाब र अवसर दुवैका रूपमा लिएका छौं ।'

हालसम्म आफ्ना माग पूरा गर्ने स्पष्ट प्रतिबद्धता जनाउने उम्मेदवार नपाइएको बस्तीवासीको भनाइ छ । यस निर्वाचनमा मुक्तकमैया बस्तीको सामूहिक आवाज उम्मेदवारका लागि चुनौतीमात्र नभई सामाजिक न्याय र समावेशी विकासको परीक्षणका रूपमा हेरिएको छ । *रासस*

# जाडो छल्न बैंसी झरेका मुस्ताङी मतदानका लागि गाउँ फर्किंदै

**मुस्ताङ–** मुस्ताङमा चुनावी माहोल विस्तारै तात्तिन थालेको छ । प्रतिनिधिसभा सदस्य निर्वाचन नजिकिँदा चुनावी चहलपहल सुरु भएको हो ।

निर्वाचनमा होमिएका उम्मेदवार मतदाता रिझाउन बैंसीमै व्यस्त थिए । तर जाडो छल्न बैंसी झरेका मतदाता फर्किन थालेपछि उम्मेदवार पनि मतदातासँगै लेकतिर उक्लिन थालेका छन् । मुस्ताङमा चार राजनीतिक दलका उम्मेदवारले पहिलो चरणको घरदैलो अभियान सम्पन्न गरेका छन् । यहाँ नेपाली कम्युनिस्ट पार्टी (नेकपा), मंगोल नेसनल अर्गनाइजेसन, उज्यालो नेपाल र आम जनता पार्टीका उम्मेदवारले घरदैलो गरेका थिए ।

अहिले नेपाल कम्युनिस्ट पार्टीका उम्मेदवार ङुटुक गुरुङले थासाङ गाउँपालिकादेखि घरदैलो थालेको बताए । उम्मेदवारी दर्ता गराएपछि पूरै एक महिनाभन्दा बढी समय पोखरा, काठमाडौंमा रहेका मुस्ताङी मतदातासँग भेट गरेपछि जिल्लामै रहेका मतदाता भेट्नमा व्यस्त रहेको उनले बताए ।

यसैगरी उज्यालो नेपाल पार्टीका उम्मेदवार डा. सुरेन्द्र शेरचनले माथिल्लो मुस्ताङमा चुनावी घरदैलो सकेर काठमाडौं फर्किएको बताए । बैंसी झरेका कतिपयले बैंसीमै घुम्ती व्यापार सञ्चालन गर्छन् । माथिल्लो मुस्ताङका दुई स्थानीय तहका ८० प्रतिशतभन्दा बढी मतदाता बैंसी झरेका थिए । तल्लो मुस्ताङका पनि ५० प्रतिशतभन्दा बढी मतदाता बैंसी झरेका थिए ।

यहाँस्थित जिल्ला निर्वाचन कार्यालय, मुख्य निर्वाचन अधिकृतको कार्यालय र जिल्ला सुरक्षा समितिलगायतले निर्वाचन तयारीलाई तीव्रता दिइरहेको जिल्ला निर्वाचन अधिकारी लोकेन्द्र ज्ञवालीले जानकारी दिए । निर्वाचन तयारीका लागि हालसम्म पाँचवटै स्थानीय तहका मतदानस्थलमध्ये ९० प्रतिशत मतदानस्थलको स्थलगत अवलोकन गरिसकेको उनले बताए ।

उनले भने, 'मौसमले साथ दिएमा निर्वाचन सम्पन्न गराउन केही अप्ठ्यारो पर्दैन, मौसम प्रतिकूल भएमा आयोगको निर्देशनअनुसार काम गर्छौं ।' निर्वाचनका लागि जिल्ला सुरक्षा योजना तयार भइसकेको प्रमुख जिल्ला अधिकारी अजिता शर्माले जानकारी दिइन् । उनका अनुसार निर्वाचन सुरक्षाका लागि चारवटै सुरक्षा निकाय परिचालित भइसकेका छन् ।

२३५ नेपाल प्रहरी र २६६ निर्वाचन प्रहरी गरी ५०१ सुरक्षाकर्मी परिचालन गरिएको जनाइएको छ । सशस्त्र प्रहरीले सशस्त्र र निर्वाचन प्रहरी गरी २०० भन्दा बढी सुरक्षाकर्मी खटाएको छ । निर्वाचनका लागि यहाँका ३९ मतदानस्थलमा २४० जना कर्मचारी र ८६ जना स्वंयसेविक खटाइने जनाइएको छ । *रासस*

# खोटाङमै सुरू भयो पाठेघर खस्ने समस्यासम्बन्धी शल्यक्रिया सेवा

**खोटाङ–** यहाँस्थित जिल्ला अस्पतालमै पाठेघर खस्ने समस्यासम्बन्धी निःशुल्क शल्यक्रियासहितको उपचार सेवा सुरु गरिएको छ । अबदेखि सो समस्याका लागि राजधानी पुग्नुपर्ने बाध्यताको अन्त्य भएको छ ।

सेवा सुरु भएलगत्तै दुई महिलाको सफल उपचार गरिएको अस्पताल प्रमुख एवं डा. अमिताब ठाकुरले जानकारी दिए । 'म यहाँ आएपछि धेरै महिलाको दुःख देखें । पाठेघरसम्बन्धी समस्या भएका महिलाका लागि उपचार गर्न काठमाडौं वा विराटनगर जानुपर्ने बाध्यता रहेछ । अब त्यो बाध्यताको अन्त्य भएको छ,' उनले भने, 'हाम्रो विशेषज्ञता प्रयोग गरेर खोटाङमै निःशुल्क शल्यक्रियासहितको सेवा उपलब्ध गराएका छौं ।'



अस्पतालमा पाठेघरको मुखको क्यान्सर परीक्षण तथा उपचार, बाँझोपनको उपचार र पहिलोपटक शल्यक्रियामार्फत सन्तान जन्माएकी महिलाको दोस्रोपटक पनि शल्यक्रिया गर्ने सेवासमेत सुरु गरिएको जनाइएको छ । अस्पतालमा पाठेघरसम्बन्धी समस्याको निःशुल्क उपचार सेवा उपलब्ध भएपछि लामो समयदेखि पीडित महिलाहरू उपचारमा आउन थालेको स्वास्थ्यकर्मीले बताएका छन् ।

जिल्ला अस्पतालको आफ्नै स्रोत साधन उपयोग गरेर गुणस्तरीय उपचार सेवा उपलब्ध गराउन थालिएको अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिका अध्यक्ष एवं जिल्ला समन्वय समिति खोटाङका प्रमुख सनबहादुर राईले जानकारी दिए । 'जिल्लामा स्त्रीरोग विशेषज्ञ नहुँदा धेरै महिला रोग लुकाएर तथा बाहिर गएर उपचार गराउनुपर्ने बाध्यतामा थिए । यो समस्या दीर्घकालीनरूपमा समाधान गर्न मन्त्रालयबाट विशेषज्ञ चिकित्सक झिकाएका छौं,' उनले भने, 'यो जिल्लाका लागि खुसीको कुरा हो । अब कुनै पनि महिलाले उपचार नपाएर अकालमै ज्यान गुमाउनुपर्ने छैन ।'

१० स्थानीय तह रहेको जिल्लामा यसअघिसम्म पाठेघरको समस्या भएका महिलाको शल्यक्रिया सेवा उपलब्ध नहुँदा अन्य जिल्ला पठाउने गरिएको थियो । अस्पताल जाने/आउने, उपचार गर्ने, खाने र बस्ने खर्च सम्बन्धित स्थानीय तहले उपलब्ध गराउनेगरी राजधानीलगायतका सुविधायुक्त अस्पतालमा पठाउने गरिएको थियो ।

हालैमात्र दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका र हलेसी तुवाचुङ नगरपालिकाले त्यस्ता समस्या भएका महिलालाई शिर मेमोरियल अस्पताल बनेपा लगेर निःशुल्क शल्यक्रियासहितको उपचार गराएको थियो । दुवै नगरपालिकाले गाडी रिजर्भ गरेर १८-१८ जना महिला तथा एक-एक जना कुरुवालाई बनेपा लगेर निःशुल्क शल्यक्रियासहितको उपचार गराएको थियो । *रासस*


**Aathrai trbeni Rural Municipality**
**Office of Rural Municipal Executive**
**Hangpang, Taplejung**
**Koshi Province, Nepal**

**Notice of Intention To Accept Bids**

**(Date of Publication : 2082/11/08)**

Pursuant To Clause 27, Sub Clause 2 and 3 of Public Procurement Act-2063, all the concerned bidders, who has participated in the bidding as per Notice Published On "**Saurya Rastriya Dainik**" newspaper on 2082/09/12, are Notified that it is our Intention to Accept the bids for the Contract Pacakages as Provided In the Table Below.

| S. No. | Contract Identification No. | Qualified Bidder | Bid Amount With VAT and PS (NRS) |
|---|---|---|---|
| 1. | ATRM/NCB/ RD/06/82/83 | Lungsungbang Constrcution Tatha Suppliers Pvt.Ltd, Aathrai Tribeni-4,Taplejung | 14,00,118.53 |
| 2. | ATRM/NCB/ GOODS/01/82/83 | Hulas Steel Kathmandu | 69,36,392.00 |

**Chief Administrative Officer**



**सुनवर्षी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**डाइनिया, मोरङ्ग**
**कोशी प्रदेश, नेपाल**

**प्राविधिक प्रस्तावको आशय पेश गर्ने सूचना**

**प्रकाशित मिति : २०८२/११/०८**

यस कार्यालयद्वारा मिति २०८२/९/२० गतेको राष्ट्रिय दैनिकमा प्रकाशित तपसिल बमोजिमको ठिक्काको लागि म्यादभित्र E-Bid मार्फत दर्ता भएका बोलपत्रहरुको प्राविधिक प्रस्तावको मूलयांक्न गर्दा सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन समेत) को नियम ३१ (ङ) को उपनियम ४ बमोजिम सारभुत रुपमा प्रभावग्राही भएका देहाय बमोजिमका सफल बोलपत्रदाताहरुको आर्थिक प्रस्ताव सोही नियमावलीको नियम ३१ (ङ) को उपनियम ५ प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारिको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र. स. | ठेक्का नं. | कामको विवरण | सफल बोलपत्रदाताहरू | आर्थिक प्रस्ताव खोल्ने मिति र समय |
|---|---|---|---|---|
| 1 | SUNMUN/ ROAD/ 082/83-02 | ward no 1 sangam chowk dekhi tek bahadur bhattaraiko ghar hudai sainik chowk samma sadak kalopatre | • JDNS- BNS JOINT VENTURE, Ratuwamai, Morang<br>• Nikita And Raj Construction Pvt. Ltd, Koshi-03, Sunsari<br>• S.K.P.D.-Sunbarshi-Kechana J.V., Sunawarshi-09, Morang<br>• Tumruk Construction, Urlabari-03, Morang | 2082/11/15 (February 27, 2026) at 13:00 Place: Sunawarshi Minicipality, Dainiya Morang |

**प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक

रूपशाला

## शिवांशः च्याप्टर १ को प्रदर्शन स्थगित

महाशिवरात्रिको अवसर पारेर फागुन १ गते प्रदर्शनमा आएका फिल्महरूका प्रदर्शन स्थगित गर्न थालिएको छ। फिल्म 'बिगुल' र 'श्री बुकुरो'पछि अहिले 'शिवांश : च्याप्टर १' ले पनि प्रदर्शन स्थगित गरेको छ। फिल्म निर्माण संस्था अन्जन सिने प्रोडक्सन हाउसले एक विज्ञप्ति जारी गर्दै फिल्मको प्रदर्शन बुधबारबाट स्थगित गरेको हो। फिल्मले उपयुक्त समयमा शो नपाएको भन्दै निर्माण संस्थाले अर्को सूचना नभएसम्मका लागि प्रदर्शन स्थगित गर्ने निर्णय गरेको हो । पौराणिक हिन्दु मान्यता र आधुनिक युगको रहस्यलाई रोचक ढङ्गले प्रस्तुत गरेको फिल्म सन्तोषकुमार आत्रेयले निर्देशन गरेका हुन्। फिल्ममा प्रवीण खतिवडा, तेज गिरी, विमला लिम्बू, रूषा न्यौपानेको मुख्य भूमिका छ।



शुक्रबार, ०८ फागुन २०८२ (Friday, 20 February 2026)

# 'चमेलीको पोइ'को प्रदर्शन स्थगित



■ प्रभाव संवाददाता

**काठमाडौं–** पूर्वघोषित मितिमा फिल्म 'चमेलीको पोइ' प्रदर्शन नहुने भएको छ। एभरेस्ट सूर्य बोहरा निर्देशित फिल्म रामनवमी अर्थात १३ चैत्रमा दर्शक माझ ल्याइने बताइएको भए तापनि देशको वर्तमान राजनैतिक स्थिति तथा निर्वाचनको परिवेशलाई मध्यनजर गरी उक्त निर्णय गरिएको जारी प्रेस विज्ञप्तिमा जनाइएको छ।

धन लक्ष्मी सिने मेकर्सको ब्यानरमा निर्माण भएको 'चमेलीको पोइ'को को नयाँ प्रदर्शन मिति छिट्टै तय गरिने बताइएको छ। प्रेस रिलिजसंगै जारी निर्माता रामनारायण उपाध्यायको भिडियो सन्देशमा निर्देशक बोहराको टिमले अत्यन्तै मिहिनेतका साथ समयमै फिल्म निर्माण सम्पन्न गरेकोमा आभार व्यक्त गरिएको छ। केही समय अघि सार्वजनिक फर्स्टलुक पोस्टरबाट चर्चा पाएको फिल्म प्रदर्शनका लागि आफूहरू शान्तिपूर्ण माहौलको पर्खाइमा रहेको समेत उल्लेख गरिएको छ।

निर्देशक बोहराकै कथा, शिवम अधिकारीको पटकथा अनि शेरबहादुर तामाङको छायांकन रहेको फिल्मको निर्मातामा सुनीता सापकोटा र रामनारायण उपाध्याय छन्। उदयविक्रम राणा, रितु मल्ल ठकुरी र कपिल आचार्य कार्यकारी निर्माता रहेको फिल्मको सहनिर्मातामा प्रदीपकुमार सापकोटा,यमप्रसाद ओली र सुदिप कुँवर छन्।

नारायण त्रिपाठी,सुरक्षा पन्त, मुकुन भुसाल, विल्सन विक्रम राई, रवीन्द्र झा, प्रेम देव गिरी, रामनारायण उपाध्याय, गणेश गौतम, अंसु महर्जन, बबिन राई, खड्गबहादुर पुन, उमेश राई, रजनी गुरुङ, सुनिता सापकोटा, मिना आरएल शाही, रितु मल्ल ठकुरीलगायतले अभिनय गरेको फिल्म आरआर फिल्मसले वितरण गर्नेछ।

# डिएमआइएफ डिजाइनर रनवेमा मारूफा खातुनले चुमिन् उपाधि

■ प्रभाव संवाददाता

**ललितपुर–** ललितपुरको कुपण्डोलस्थित 'ड्रिम इन्स्टिच्युट अफ मोडलिङ एन्ड फेशन' (डिएमआईएफ) को आयोजनामा शनिबार कोटेश्वरको होटल ए-वानमा 'डीएमआईएफ डिजाइनर रनवे २०२६' भव्य रूपमा सम्पन्न भएको छ।

फेशन डिजाइनमा भविष्य खोजिरहेका विद्यार्थीहरूको प्रतिभा प्रस्फुटन गर्ने उद्देश्यले आयोजित यस प्रतियोगिताको मुख्य उपाधि पोखराकी मारूफा खातुनले हात पारेकी छिन्। उनले आफ्ना प्रतिस्पर्धीहरूलाई पछि पार्दै उपाधिसँगै नगद पुरस्कार र कदर-पत्र प्राप्त गरिन्।

प्रतियोगितामा महोत्तरीकी सोनी शाह 'फर्स्ट रनर अप' र ललितपुरकी प्रतिमा क्षेत्री 'सेकेन्ड रनर अप' घोषित भए। मुख्य विधाका साथै अन्य विभिन्न शीर्षकमा पनि अवार्डहरू प्रदान गरिएको थियो। जसअन्तर्गत बुटवलकी सविना खत्रीले 'बेस्ट क्रिएटिभ डिजाइन', मुम्बईकी जेनी कपुरले 'बेस्ट वाक', नवलपरासीकी मन्जिला तिवारीले 'बेस्ट पर्फमेन्स' र कैलालीकी रूपा कुँवरले 'बेस्ट स्टाइल' को अवार्ड जितेका छन्।

कार्यक्रममा फेशन जगतका हस्ती राजेश धाख्वा प्रमुख अतिथिको रूपमा सहभागी थिए भने मनिषा श्रेष्ठ, समीर सिंह क्षेत्री र निशा सुवेदी निर्णायक मण्डलमा रहेका थिए। मिस मङ्गोल नेपाल २०२४ की विजेता एन्जल राईले कार्यक्रमको सञ्चालन गरेकी थिइन्।




# पूर्णबहादुरको सारंगी पुनः प्रदर्शनमा

■ प्रभाव संवाददाता

**काठमाडौं –** चुनावका कारण हलहरू सुनसान भएका बेला वितरण कम्पनी रिच इन्टरटेनमेन्टले ओटीटी (युट्युबसहित) मा नआएका फिल्महरू पुनः प्रदर्शनमा ल्याउने भएको छ।

यसको सुरुवात बिहीबार संखुवासभाको खाँदबारीस्थित जीएसएफ हलमा सर्वकालीन ब्लकबस्टर 'पूर्णबहादुरको सारंगी' को पुनः प्रदर्शनबाट गरिएको हो। रोचक कुरा के भने, टिकट खुलेको एक घण्टामै शो हाउसफुल भएको छ।




उक्त हलमा बिहीबार बेलुका ७ बजे शो राखिएको थियो। हलको एक अडिटोरियममा १४२ सिट क्षमता छ।

विजय बराल अभिनीत यस फिल्मले ४६ करोड ८७ लाख रूपैयाँ ग्रस कमाउँदै नेपाली फिल्म इतिहासमा सर्वाधिक कमाउने फिल्मको कीर्तिमान कायम गरेको छ।



**आहा रारा पोखरा गोल्डकप**

# जावलाखेल फाइनलमा

## उपाधिका लागि आयोजक साहारासँग भिड्ने

■ प्रभाव संवाददाता

**कास्की –** जावलाखेल युथ क्लब पोखरामा जारी राष्ट्रिय तथा अन्तरराष्ट्रिय आमन्त्रित आहा रारा पोखरा गोल्डकप फुटबल प्रतियोगिताको फाइनलमा पुगेको छ।

पोखरा रंगशालामा बिहीबार सम्पन्न दोस्रो सेमिफाइनल खेलमा पाहुना टोली उज्वेकिस्तानको आभा एफसीलाई १-० गोलले पराजित गर्दै जावलाखेल उपाधि नजिक पुगेको हो। आहा रारामा १४ वर्षपछि फाइनलमा स्थान बनाएको जावलाखेलले शनिबार उपाधिका लागि आयोजक टोली सहारा क्लब पोखरासँग प्रतिस्पर्धा गर्नेछ। सहारा बुधबार सम्पन्न पहिलो सेमिफाइनल खेलमा मनाङ मर्स्याङ्दी क्लबलाई हराउँदै फाइनल पुगिसकेको छ। जावलाखेल विसं २०६८ मा मनाङ मर्स्याङदी क्लबसँग उपाधि भिडन्तमा पराजित भएपछि त्यसयता फाइनल पुग्न सकेको थिएन।

खेलको ५२औं मिनेटमा आभाका खुसन गनिजानोभले आत्मघाती गोल गरेपछि जावलाखेलले अग्रता बनायो। धर्वेन्द्र कुँवरको क्रस बललाई गानिजानोभले रोक्ने खोज्दा बल पोष्ट भित्र छिरेको थियो। जावलखेल ६०औं मिनेटमा १० खेलाडीमा सीमित भए पनि त्यसको फाइदा पाहुना टोलीले उठाउन सकेन। आभाका सांदोवेक मातुमारोभलाई मुक्का हानेपछि युवराज ढकालले रातो कार्ड खाँदै बाहिरिएपछि जावलाखेल १० खेलाडीमा सीमित बन्यो।




खेलमा उत्कृष्ट प्रदर्शन गरेका जावलाखेलका विदेशी खेलाडी जोखिदजोन राखिमोभ 'प्लेयर अफ द म्याच' घोषित भए र रु १० हजार पुरस्कार पाए। गत माघ २७ गतेदेखि सुरु भएको प्रतियोगिताको फाइनल खेल फागुन ९ गते शनिबार हुनेछ।

प्रतियोगिताको च्याम्पियन टोलीले रु १४ लाख एक हजारसहित ट्रफी, मेडल र प्रमाणपत्र पुरस्कार पाउँदा उपविजेता टोलीले रु सात लाख एक हजारसहित ट्रफी र मेडल पुरस्कार पाउने आयोजक सहारा क्लब जनाएको छ। यसैगरी सर्वोत्कृष्ट खेलाडीले स्कुटर पुरस्कार पाउँदा अन्य पाँच विधामा उत्कृष्ट हुनेले जनही रु २५ हजार र ट्रफी पुरस्कार पाउनेछन्।

**राष्ट्रिय हक्की प्रतियोगिता**

# गण्डकी अपराजित, कोशी विजयी

■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौंस्थित दशरथ रंगशालामा जारी दोस्रो महिला तथा पुरुष राष्ट्रिय हक्की प्रतियोगिता-२०८२ अन्तर्गत चौथो दिनका खेलहरू सम्पन्न भएका छन्।

महिलातर्फ गण्डकी प्रदेशले अपराजित यात्रा कायम राख्दा पुरुषतर्फ कोशी प्रदेशले प्रभावशाली जित दर्ता गरेको छ। महिला तर्फको खेलमा गण्डकी प्रदेशले कोशी प्रदेशलाई ४-० गोलअन्तरले पराजित गऱ्यो।

गण्डकीका लागि अंकिता अधिकारीले १४औं र ६०औं मिनेटमा दुई गोल गरिन्। २०औं मिनेटमा बुद्धी माया मगर र ३७औं मिनेटमा सीता माया बलले एक-एक गोल थप्दै टोलीको जित सुनिश्चित गरे। उत्कृष्ट प्रदर्शन गरेकी सीता माया बल 'प्लेयर अफ द म्याच' घोषित भइन्। महिलातर्फकै अर्को खेलमा मधेश प्रदेशले बागमती प्रदेशलाई १-० गोलअन्तरले हरायो। मधेशका लागि ४२औं मिनेटमा प्रीति दासले गरेको गोल नै निर्णायक बन्यो। उत्कृष्ट प्रदर्शनका लागि प्रीति दास 'प्लेयर अफ द म्याच' चुनिइन्।



पुरुष तर्फको खेलमा कोशी प्रदेशले बागमती प्रदेशलाई ७-० गोलअन्तरले पराजित गर्दै शानदार जित निकाल्यो। कोशीका सुदीप चौधरीले ७औं, ३८औं र ४८औं मिनेटमा गोल गर्दै ह्याट्रिक पूरा गरे।

लक्ष्मण समारियाले ३७औं र ४४औं मिनेटमा दुई गोल गरे भने कबिराज सञ्जेलले ५०औं र ५९औं मिनेटमा दुई गोल थपे। तीन गोलसहित उत्कृष्ट प्रदर्शन गरेका सुदीप चौधरी 'प्लेयर अफ द म्याच' घोषित भए।

नेपाल हक्की संघ को आयोजनामा भइरहेको प्रतियोगिता शनिबारसम्म सञ्चालन हुनेछ। महासचिव सुवर्ण श्रेष्ठका अनुसार शनिबार फाइनल खेल सम्पन्न हुनेछ।

# चापाकोट र शब्द चिन्तन सेमिफाइनलमा

■ प्रभाव संवाददाता

**स्याङ्जा–** भूपु सैनिक चापाकोट र शब्द चिन्तन पर्वत १०औं संस्करणको अर्हन्त मेमोरियल कप फुटबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेका छन्।

सिद्धबाबाविरुद्ध वाकओभर जित हात पार्दै चापकोट अन्तिम चारमा पुगेको हो। निर्धारित समयमा सिद्धबाबा टोली उपस्थित हुन नसकेपछि आयोजकले चापाकोटलाई वाकओभर दिएको हो।

योसँगै चापाकोटले फाइनलमा प्रवेश गर्न भूपु सैनिक वालिङसँग प्रतिस्पर्धा गर्ने भएको छ। यसैगरी अर्को खेलमा शब्द चिन्तन पर्वतले नेपाल आदर्शलाई १-० ले पराजित गर्दै सेमिफाइनल यात्रा तय गरेको छ।

खेलको १०औं मिनेटमा उमेश पटेलीले निर्णायक गोल गर्दै टोलीलाई अग्रता दिलाएका थिए। उनी नै 'म्यान अफ दी म्याच' घोषित भए। अब पर्वतले सेमिफाइनलमा शाइन भिलेजसँग प्रतिस्पर्धा गर्नेछ।



मुस्लिमहरूको पवित्र उपवास महिना रमजानको समयमा उपवास सुरु गर्न बिहानको खाना वा 'सेहरी'का लागि परिवारहरूमा वितरण गरिने खानाका प्लेटहरू तयार पार्दै पाकिस्तानको कराँचीस्थित एक परोपकारी समूहद्वारा सञ्चालित निःशुल्क खाना वितरण केन्द्रका एक स्वयंसेवक । *तस्बिरः एपी*

# रहमानले प्रस्तुत गरे १८० दिनको प्राथमिकता योजनाको रूपरेखा

**ढाका–** बंगलादेशका नवनिर्वाचित प्रधानमन्त्री तारिक रहमानले आफ्नो सरकारको १८० दिनको प्राथमिकता योजनाको रूपरेखा प्रस्तुत गरेका छन् । योजनामा उनले चारवटा प्रमुख क्षेत्रमा ध्यान केन्द्रित गरेका छन् ।



पहिलो प्राथमिकतामा कानुन र व्यवस्थाको स्थिति सुधार गर्ने लक्ष्य रहेको छ । दोस्रो, आवश्यक वस्तुहरूको मूल्य नियन्त्रण गर्ने योजना छ । तेस्रोमा निर्बाध बिजुली र ग्यास आपूर्ति सुनिश्चित गर्नुका साथै जीवनयापनको लागत घटाउन जोड दिएका छन् । चौथोमा सार्वजनिक यातायात, विशेषगरी रेलवे प्रणालीमा सुधार गर्ने उनले बताएका छन् । यसबाहेक, उनले भ्रष्टाचारविरुद्ध लड्नका लागि कडा प्रयासहरूको निर्देश गरेका छन् ।

मंगलबार देशको प्रधानमन्त्रीको रूपमा शपथ लिएका रहमानले प्रत्येक मन्त्रालयलाई १८० दिनभित्र आफ्नै योजना बनाउन र कार्यान्वयन गर्न निर्देशन दिएका छन् । यसअघि बंगलादेशमा नयाँ सरकारले पदभार ग्रहण गरेपछि १०० दिनको प्राथमिकता प्याकेज घोषणा गर्ने गर्थे । यद्यपि, रहमानले यसलाई तोड्दै १८० दिनको अवधि तय गरेका छन् । 'अपराध उन्मूलन र भ्रष्टाचारलाई कडाइका साथ नियन्त्रण गरेर जनताको मनमा शान्ति र सुरक्षा पुनर्स्थापना गर्नु सरकारको एजेण्डाको प्राथमिक केन्द्रबिन्दु भएको रहमानले बताएका छन् ।

मन्त्रीहरूले शपथ लिएपछि यस्ता विषयमा कुरा गर्न थालेका छन् भने गृहमन्त्री सालाउद्दिन अहमदले पत्रकारहरूलाई बंगलादेशमा आगामी दिनमा भीडभाड हिंसा नहुने घोषणा गरेका छन् । उनले लागुऔषध नियन्त्रण र अन्य आवश्यक उपायसहित देशको अवस्थालाई कडाइका साथ नियन्त्रण गरिएको पनि घोषणा गरे ।

विदेश नीतिका विषयमा विदेशमन्त्री कलिलुर रहमानले बंगलादेशको नयाँ विदेश नीति 'बंगलादेश पहिलो हुने' बताएका छन् । उनले बंगलादेशको हितलाई प्राथमिकता दिँदै सबै देशहरूसँग मैत्रीपूर्ण सम्बन्ध निर्माण गर्ने र, स्वर्गीय राष्ट्रपति जियाउर रहमानको विदेश नीति जस्तै मार्गमा अगाडि बढ्ने बताएका छन् ।

पवित्र रमजानको अवसरमा नागरिकहरूलाई शुभकामना दिँदै रहमानले सामानको मूल्य आम जनताको पहुँचभन्दा बाहिर नजानका लागि व्यापारीहरूलाई सतर्क रहन आग्रह गरेका छन् । *रासस/क्युएनए*

# मार्सल ल प्रकरणमा युनलाई आजीवन जेल

**सियोल–** दक्षिण कोरियाको लोकतान्त्रिक व्यवस्थालाई झट्का दिएको 'मार्सल ल' घोषणासम्बन्धी मुद्दामा पूर्वराष्ट्रपति युन सुक येओललाई अदालतले आजीवन कारावासको सजाय सुनाएको छ । सन् २०२४ डिसेम्बरमा सेना परिचालन गर्दै संसद् नियन्त्रण गर्ने प्रयासलाई अदालतले विद्रोहको अपराध ठहर गरेको हो ।



सियोल केन्द्रीय जिल्ला अदालतका न्यायाधीश जी कुइ-युनले उनले उदार नेतृत्वको राष्ट्रिय सभामाथि नियन्त्रण कायम गर्न, राजनीतिक नेताहरूलाई पक्राउ गर्न तथा निश्चित अवधिसम्म नियन्त्रणहीन शासन स्थापना गर्न सेना र प्रहरी परिचालन गरेको निष्कर्ष निकालेका छन् । उनीविरुद्ध विशेष सरकारी वकिलले मृत्युदण्ड माग गरेको थियो, तर घटनामा ज्यानहानि नभएकाले अधिकांश विश्लेषकहरूले आजीवन कारावासको सम्भावना औंल्याएका थिए । दक्षिण कोरियामा सन् १९९७ पछि मृत्युदण्ड कार्यान्वयन नभएकाले त्यसलाई व्यवहारतः स्थगन मानिन्छ ।

फैसला सुनाइँदा अदालत परिसर वरिपरि कडा सुरक्षा व्यवस्था गरिएको थियो । समर्थक र विरोधी दुवै पक्ष प्रदर्शनमा उत्रिएका थिए । उनले फैसलाविरुद्ध पुनरावेदन गर्ने सम्भावना रहेको जनाइएको छ । अदालतले मार्सल ल कार्यान्वयनमा संलग्न अन्य पूर्वसैनिक तथा प्रहरी अधिकारीहरूलाई पनि दोषी ठहर गरेको छ । पूर्वरक्षामन्त्री किम योङ हयुनलाई योजना निर्माण र सेना परिचालनमा केन्द्रीय भूमिका खेलेको ठहर गर्दै ३० वर्षको कारावास सजाय सुनाइएको छ ।

युनले आफ्नो कदमलाई 'राज्यविरोधी शक्तिहरू' नियन्त्रण गर्न आवश्यक भएको दाबी गर्दै बचाउ गरेका थिया । तर सांसदहरूले सैनिक घेरा तोड्दै सर्वसम्मतिले आदेश खारेज गरेपछि मार्सल ल करिब छ घण्टामै अन्त्य भएको थियो । त्यसपछि संसद्ले उनीविरुद्ध महाभियोग पारित गरेको थियो र अप्रिल २०२५ मा संवैधानिक अदालतले औपचारिक रूपमा पदबाट हटाएको थियो । उनी गत जुलाईदेखि विभिन्न आपराधिक अभियोगमा हिरासतमा रहेका छन् ।

यसअघि गिरफ्तारीको प्रतिरोध र कानुनीरूपमा आवश्यक मन्त्रिपरिषद् बैठक नगरेको अभियोगमा उनलाई पाँच वर्षको छुट्टै सजाय सुनाइएको थियो । साथै, प्रधानमन्त्री हान डक सूसहित मन्त्रीमण्डलका दुई सदस्यलाई पनि अभिलेखमा हेरफेर र शपथअन्तर्गत असत्य बयान दिएको अभियोगमा दोषी ठहर गर्दै २३ वर्षको कारावास सजाय सुनाइएको छ । हानले उक्त फैसलाविरुद्ध पुनरावेदन गरेका छन् । *रासस/एपी*

# एआई साझा हितका लागिः मोदी



**नयाँदिल्ली–** भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले आर्टिफिसियल इन्टेलिजेन्स (एआई) केही शक्तिशाली देश वा कम्पनीको सीमित साधन नभई विश्वव्यापी साझा सम्पत्ति बन्नुपर्ने धारणा व्यक्त गरेका छन् । उनले एआई प्रविधि खुला, पहुँचयोग्य र समावेशी भएमात्रै यसको वास्तविक लाभ मानव समुदायले पाउने बताए ।

ग्लोबल एआई शिखर सम्मेलनलाई सम्बोधन गर्दै उनले एआईको 'लोकतान्त्रिकीकरण' अपरिहार्य रहेको उल्लेख गरे । 'एआईलाई लोकतान्त्रिकीकरण गर्नुपर्दछ ताकि मानिस एआईका लागि डेटा पोइन्टमात्र बन्न नपरोस् वा एआईका लागि कच्चा माल बन्न नपरोस्,' उनले स्पष्ट गरे । उनका अनुसार विशेषतः ग्लोबल साउथका देशहरूका लागि एआई समावेशीकरण र सशक्तीकरणको प्रभावकारी माध्यम बन्नुपर्ने छ ।

एआई इम्प्याक्ट समिट द्रुत गतिमा विस्तार भइरहेको यस क्षेत्र केन्द्रित चौथो वार्षिक अन्तर्राष्ट्रिय भेला हो । प्रविधि, नीति र नवप्रवर्तनबारे छलफल गर्न विश्वका विभिन्न देशका प्रतिनिधि यहाँ सहभागी भएका छन् । गत वर्ष स्टयानफोर्ड विश्वविद्यालयका शोधकर्ताहरूले सार्वजनिक गरेको एआई प्रतिस्पर्धात्मकताको वार्षिक विश्वव्यापी र्यांकिङमा भारत तेस्रो स्थानमा उक्लिएको तथ्य पनि उनले स्मरण गराए । यद्यपि, ठूलो परिमाणमा पूर्वाधार विकासका योजना र नवप्रवर्तनसम्बन्धी महत्त्वाकांक्षी लक्ष्यहरू अघि सारिए पनि विज्ञहरूले भने संयुक्त राज्य अमेरिका र चीनसँग प्रतिस्पर्धा गर्न भारतले अझै लामो यात्रा तय गर्नुपर्ने आकलन गर्दै आएका छन् ।

यस सन्दर्भमा उनले हालै भारतीय कम्पनीहरूले सार्वजनिक गरेका एआई मोडेलहरू उल्लेख गर्दै 'भारतमा सफल हुने एआई मोडेललाई विश्वभर प्रयोग गर्न सकिन्छ' भने । उनका अनुसार एआई प्रविधि तबमात्र फाइदाजनक बन्ने छ जब यसलाई साझा गरिन्छ र यसको मूल प्रणालीहरू खुला राखिन्छन् । 'त्यसपछि मात्रै हाम्रा लाखौं युवा दिमागहरूले यसलाई अझ राम्रो र सुरक्षित बनाउन सक्षम हुने छन्,' उनले भने ।

उनले विश्व समुदायलाई एआईलाई विश्वव्यापी साझा हितका लागि प्रयोग गर्ने संकल्प गर्न आह्वान गरे । अंग्रेजीमा सम्बोधन गर्दै उनले मानव र बुद्धिमान प्रणालीबीचको सहकार्यलाई भविष्यको दिशा ठहर गरे । 'हामी यस्तो युगमा प्रवेश गरिरहेका छौं जहाँ मानिस र गुप्तचर प्रणालीहरूले सहनिर्माण, सहकार्य र सहविकास गर्छन्,' उनले भने । *रासस/एएफपी*

## म्याक्रोनले भने- एआई नियमनमा सहकार्य चाहन्छौं

**नयाँदिल्ली–** फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोनले द्रुत गतिमा विस्तार भइरहेको आर्टिफिसियल इन्टेलिजेन्स (एआई) प्रविधिलाई सुरक्षित र जिम्मेवार दिशामा अघि बढाउन विश्वस्तरमा साझा नियम आवश्यक रहेको बताएका छन् । उनले भारतसहितका साझेदार राष्ट्रहरूसँग मिलेर एआईसम्बन्धी 'खेलका नियम' निर्माण र परिमार्जनमा प्रतिबद्ध रहेको स्पष्ट पारे ।

भारतमा आयोजित ग्लोबल एआई शिखर सम्मेलनलाई सम्बोधन गर्दै उनले युरोपेली संघ (इयू)ले सन् २०२४ मा अंगीकार गरेको आर्टिफिसियल इन्टेलिजेन्स ऐनमार्फत विश्वव्यापी नियमनको मार्ग देखाएको उल्लेख गरे । उक्त कानुन चरणबद्धरूपमा कार्यान्वयन भइरहेको छ । 'हामी खेलका नियमहरूलाई आकार दिन जारी राख्न कटिबद्ध छौं... भारतजस्ता हाम्रा सहयोगीहरूसँग,' उनले नयाँदिल्लीमा भने ।

उनले युरोपलाई केवल कडा नियमनतर्फ उन्मुख क्षेत्रका रूपमा चित्रित गर्न नहुने धारणा व्यक्त गरे । 'युरोप अन्धाधुन्ध रूपमा नियमनमा केन्द्रित छैन- युरोप नवीनता र लगानीको ठाउँ हो, तर यो एक सुरक्षित ठाउँ हो,' उनले बताए ।

गत वर्ष पेरिसमा सम्पन्न एआई शिखर सम्मेलनमा अमेरिकी उपराष्ट्रपति जेडी भान्सले 'अत्यधिक नियमन' विरुद्ध चेतावनी दिँदै यसले 'परिवर्तनकारी क्षेत्रलाई नै कमजोर बनाउन सक्ने' टिप्पणी गरेको प्रसंग पनि उनले स्मरण गराए । इयूको कानुनअनुसार नियामक निकायहरूले सार्वजनिक स्थानमा क्यामरामार्फत वास्तविक समयमा व्यक्तिको पहिचान गर्नेजस्ता समाजका लागि 'अस्वीकार्य जोखिम' मानिएका एआई प्रणालीहरूलाई प्रतिबन्ध लगाउन सक्ने व्यवस्था छ ।

नयाँदिल्लीमा जारी एआई इम्प्याक्ट समिटमा उनले फ्रान्सले एआई क्षेत्रमा दक्ष जनशक्ति उत्पादनमा तीव्रता दिएको जानकारी दिए । 'हामी प्रशिक्षित एआई वैज्ञानिक र इञ्जिनियरहरूको संख्या दोब्बर गरिरहेका छौं,' उनले भने । उनका अनुसार यस क्षेत्रमा स्थापित नयाँ स्टार्टअपहरूले 'लाखौं' रोजगारी सिर्जना गरेका छन् ।

एआई र डिजिटल प्रविधिसम्बन्धी सामाजिक उत्तरदायित्वका सवालमा पनि उनले जोड दिए । गत महिना फ्रान्सेली सांसदहरूले १५ वर्षमुनिका बालबालिकालाई सामाजिक सञ्जाल प्रयोगमा प्रतिबन्ध लगाउने विधेयक पारित गरेका छन्, जुन हाल सिनेटको अनुमोदनको प्रतीक्षामा छ । यो कदम अस्ट्रेलियाले डिसेम्बरमा कार्यान्वयन गरेको समान प्रतिबन्धपछिको पहल हो ।

'हाम्रो जी-७ प्राथमिकतामध्ये एक एआई र डिजिटल दुरूपयोगविरुद्ध बालबालिकाको सुरक्षा पनि हुने छ,' उनले भने, 'हाम्रा बालबालिकाहरूलाई वास्तविक संसारमा कानुनीरूपमा निषेध गरिएको कुरा अनलाइनमा उजागर गर्नुको कुनै कारण छैन ।'

फ्रान्स धेरै युरोपेली देशहरूसँग मिलेर यस यात्रामा प्रतिबद्ध रहेको उल्लेख गर्दै उनले भारत पनि यस पहलमा सहयात्री बन्ने विश्वास व्यक्त गरे । 'हाम्रा बच्चाहरूको सुरक्षा गर्नु केवल नियमको विषय होइन, यो सभ्यताको विषय हो,' उनले भने । *रासस/एएफपी*


## कतारमा रोजगारको अवसर
Free Visa!! Free Ticket!!

कम्पनी : MTM TRBANY
पूर्व स्वीकृति मिति : २०८२/०२/१४ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/११/०७ | LT. No. 324767 | चलानी नं. ६०२३८७००

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cooker | 1 | 0 | 1800 | ७१,७८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Waitress | 0 | 2 | 1620 | ६४,६१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन १५ गते (27th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने | भिषा शुल्क कसले दिने | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- रोजगारदाता कम्पनीले | निःशुल्क | रु.२१००/- रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

VISION & VALUE OVERSEAS PVT. LTD.
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450, 9767659357/ 9767659356/ 9767659358 / 9863194834, 9863194832, Email:- apply@vnvnepal.com | URL: www.vnvnepal.com
श्रम ईजाजत नं. ८२२/०६६/०६७

## कुवेतमा रोजगार
कम्पनी : GREEN COMMUNITY RESTAURANT COMPANY
पूर्व स्वीकृति मिति : २०८२/०५/०५ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/११/०७ | LT. No. 328972 | चलानी नं.६०२४३७३०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista / Cashier | 10 | 10 | 150 | ७१,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन १५ गते (27th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.२१००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

## युएइमा रोजगार
कम्पनी : BINAVA TECHNICAL SERVICES LLC
पूर्व स्वीकृति मिति : २०८२/०४/२८ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/११/०७ | LT. No. 329438 | चलानी नं. ६०२४३२१९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 4 | 0 | 1400 | ५५,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen helper | 7 | 0 | 1600 | ६३,३९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन १५ गते (27th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SOCIETY OVERSEAS PVT LTD
Pinglasthan-9, Gaushala, Kathmandu, Nepal, Tel: 01-5914614
01-5913645, Mob: 985-122082601, 9864266091, E-mail : societyoverseas@gmail.com
Govt. License No. 1285/074/075

## युएइमा रोजगार
कम्पनी : BOOMIKA SURUTHY BUILDING WORKS L.L.C
पूर्व स्वीकृति मिति : २०८२/०५/०१ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/११/०७ | LT. No. 329492 | चलानी नं. ६०२४३२९४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Mason/plaster Worker | 5 | 0 | 1500 | ५७,१२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Bricklayer | 5 | 0 | 1500 | ५७,१२५ | | | | | | | |
| 3 | Carpenter | 5 | 0 | 1500 | ५७,१२५ | | | | | | | |
| 4 | Electrician - Building | 5 | 0 | 1500 | ५७,१२५ | | | | | | | |
| 5 | Labour | 5 | 0 | 1500 | ५७,१२५ | | | | | | | |
| 6 | Plumber | 4 | 0 | 1500 | ५७,१२५ | | | | | | | |
| 7 | Steel Fixture/civil Mason | 4 | 0 | 1500 | ५७,१२५ | | | | | | | |
| 8 | Tile Layer | 6 | 0 | 1500 | ५७,१२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन १५ गते (27th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.२१००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

STRIKEFORCE ASIA RECRUITMENT PVT. LTD
LIC 1675/080/81
Tokha -07, Basundhara, Kathmandu, Nepal Tel : +977-9849476159, 9869416889, 9869730362 E-mail : strikeforceasiarecruitment@gmail.com

## साइप्रसमा रोजगार
कम्पनी : S. MERK. ENTERPRISES LTD. | शेवा शुल्क: ५५,०००
पूर्व स्वीकृति मिति : २०८२/०१/२४ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/११/०७ | LT. No. 323244 | चलानी नं. ६०२३७२६३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव EUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | DOMESTIC WORKER | 0 | 18 | 400 | ६८,६४५ | क.नि. ३६०अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : DANA & THOMAS (CYPRUS) SERVICES LTD. | शेवा शुल्क: ५५,०००
पूर्व स्वीकृति मिति : २०८१/१२/०४ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/११/०७ | LT. No. 320484 | चलानी नं. ६०२३४६६०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव EUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | DOMESTIC WORKER | 0 | 15 | 400 | ६८,६४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : E.T. TRUST EMPLOYMENT | शेवा शुल्क: ५५,०००
पूर्व स्वीकृति मिति : २०८१/१२/०४ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/११/०७ | LT. No. 320476 | चलानी नं. ६०२३४६८०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव EUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | DOMESTIC WORKER | 0 | 11 | 400 | ६८,६४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन १५ गते (27th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Kathmandu International Incorporate Pvt. Ltd.
Tokha Municipality-10, Samakhushi, Kathmandu, Phone No: 01-4960635, 4952265
4960635 Mobile No. : 9816501787, 9851009805 Email : kiimanpowernepal@gmail.com
श्रम ईजाजत नं. ४४१/०६०/६१

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य
छापावाला सुन / तेजाबी सुन / चाँदी
प्रति तोला – ३०४७०० प्रति तोला – ० प्रति तोला – ५०६०



**मुलाको तयारी** | भक्तपुरको मध्यपुर थिमि नगरपालिका-८ स्थित नागदेशमा बिक्रीका लागि बजार पठाउन मुला तयार गर्दै किसान। *तस्बिर : चन्द्रकला क्षेत्री/रासस*

## क्षतिग्रस्त संरचना निर्माण गर्न सहयोग लिइने

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले जेनजी आन्दोलनबाट क्षतिग्रस्त संरचना निर्माण गर्न दातृ निकायबाट सहयोग लिने तयारी गरेको छ। अर्थ मन्त्रालयकाअनुसार स्रोतको चाप परेका कारण विकास साझेदारहरूसँग पुनर्निमाण गर्न स्रोत लिने तयारी गरिएको हो।

विकास साझेदार तथा गैर-आवासीय नेपाली समुदायबाट पुनर्निमाणमा योगदान जुटाउन कुटनीतिक पहल गर्ने योजना अर्थमन्त्रालयले बनाएको हो। जेनजी आन्दोलनबाट क्षति पुगेका संरचना बनाउन संघीय सरकारले मात्रै चालु आर्थिक वर्षमा ४ अर्ब ३४ करोड खर्च गर्दैछ।

आगामी दुई वर्षमा वार्षिक १० अर्ब १८ करोड खर्च गर्नुपर्ने स्थीति रहेको प्रतिवेदनमा उल्लेख छ। त्यस्तै, प्रदेश सरकारबाट चालु आ.व.मा ८१ करोड २५ लाख, आगामी दुई वर्षमा वार्षिक १ अर्ब ४६ करोड ५२ लाख खर्च गरिँदैछ। स्थानीय तहबाट चालु आ.व.मा १ अर्ब ४२ करोड ४७ लाख खर्च गरिनेछ भने आगामी दुई वर्षमा वार्षिक ३ अर्ब २१ करोड ९२ लाख खर्च गर्ने योजना छ।

अहिले सरकारले पुनर्निमाणका लागि स्रोत जुटाउन अहिले साना तथा टुक्रे आयोजना कटौती गर्ने, संघीय सरकारले ३ करोडभन्दा साना आयोजना नगर्ने, सवारी साधन खरीदमा कडाइ गर्ने जस्ता मितव्ययी नीति अपनाइएको छ। पुनर्निर्माणमा अपुग स्रोतका लागि दातृ निकायसँग अर्थमन्त्रालयले छलफल अघि बढाएको हो।

अर्थमन्त्रालयले हालै सार्वजनिक गरेको अर्धवार्षिक समीक्षा प्रतिवेदनमा भनिएको छ-'विकास साझेदार तथा गैर-आवासीय नेपाली समुदायबाट पुनर्निमाणमा योगदान जुटाउन कूटनीतिक पहल गरिनेछ।' राष्ट्रिय योजना आयोगका सचिवको संयोजकत्वमा गठित समितिले तयार पारेको प्रतिवेदनअनुसार जेन-जी आन्दोलनबाट कुल ८४ अर्ब ४५ करोड ७७ लाख बराबरको भौतिक सम्पत्ति क्षति भएको छ। जसमध्ये सरकारी तथा सार्वजनिक क्षेत्रमा ४४ अर्ब ९३ करोड ७३ लाख र निजी क्षेत्रमा ३३ अर्ब ५४ करोड ८७ लाख क्षति पुगेको अनुमान गरेको थियो।

सरकारी क्षेत्रको पुनर्निर्माणका लागि मात्रै ३६ अर्ब ३० करोड २१ लाख लाग्ने देखिएको छ, जसमा भवन पुनर्निर्माणकै लागि १९ अर्ब ९८ करोड ९८ लाख छुट्याइएको छ। सरकारले बनाएको जेनजी आन्दोलनको क्षति पुनर्निर्माण कार्ययोजनामा पुनर्निर्माणका प्रमुख सिद्धान्तहरूमा आन्तरिक स्रोतको अधिकतम परिचालन, तीनै तहका सरकारबीच समन्वय तथा विपद् प्रतिरोधी (उत्थानशील) पूर्वाधार निर्माणलाई जोड दिइएको छ। तत्कालीन रूपमा सामान्य क्षति भएका संरचनाको मर्मत चालु आर्थिक वर्षकै बजेटबाट गर्ने र आंशिक वा पूर्ण क्षति भएका संरचनाको पुनर्निर्माण तीन वर्षभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ।

## भरतपुर विमानस्थलमा इन्धन सेवा सुरू

■ प्रभाव संवाददाता

**चितवन–** भरतपुर विमानस्थलमा इन्धन सेवा सुरु गरिएको छ। नेपाल आयल निगम लिमिटेडले बुधबारदेखि इन्धन 'रिफिलिङ'सेवा सुरु गरेको हो।

लिमिटेडका कार्यकारी निर्देशक डा चण्डिकाप्रसाद भट्टले भरतपुरमा हवाई यात्रा गर्ने सवारीको चाप बढेसँगै रिफिलिङ काउन्टर सञ्चालनमा ल्याइएको बताए। उनले हवाई इन्धनका कारण यात्रुलाई असुविधा नहोस् भनेर सेवा सुरु गरिएको बताए।

हाल यहाँबाट दैनिक आठवटा उडान हुँदै आएको बताउँदै उनले आवश्यकताअनुसार हवाई इन्धन भर्न सक्नेगरी व्यवस्था मिलाइएको जानकारी दिए।

निगमका प्रवक्ता मनोजकुमार ठाकुरका अनुसार भरतपुरमा दुईवटा रिफिलिङ काउन्टर स्थापना गरिएको छ, जहाँबाट दैनिक २२ हजार लिटर हवाई इन्धन उपलब्ध गराउन सकिने छ। हाललाई लिमिटेडको सिनामङ्गल कार्यालयमा रहेका छ जना कर्मचारीमार्फत सेवा सुरु गरिएको उनले जानकारी दिए।

यहाँबाट हाल दैनिक भरतपुर-काठमाडौं-भरतपुर र आंशिक रूपमा भरतपुर-पोखरा- भरतपुर उडान हुँदै आएको छ। बुद्ध एयरका स्टेसन म्यानेजर भक्तबहादुर बस्नेतले रिफिल काउन्टर स्थापना भएसँगै यात्रु तथा जहाजलाई सहज भएको बताए। 'अब जहाजले तेल बोकेर आउनुपर्ने समस्या हुने छैन, जसका कारण काठमाडौँबाट आउने जहाजमा थप यात्रु ल्याउन पाइने छ', उनले भने।

## नागरिक लगानी कोषलाई 'ए प्लस' रेटिङ

**काठमाडौं (प्रस)–** आईसीआरए (इक्रा) नेपाल लिमिटेडले नागरिक लगानी कोषलाई 'ए प्लस रेटिङ' प्रदान गरेको छ। कम्पनीले कोषलाई आईसीआरएएनपी-आईआर 'ए प्लस' रेटिङ प्रदान गरेको हो। यो रेटिङ प्राप्त गर्नेलाई वित्तीय दायित्व समयमै सेवा गर्ने सन्दर्भमा पर्याप्त सुरक्षा भएको संस्था मानिन्छ। आईसीआरए नेपालको मूल्यांकन समितिले उक्त निर्णय गरेको हो।

२०४७ सालमा स्थापना भएको नागरिक लगानी कोषले १ माघ २०४८ देखि सेवा सुरु गरेको थियो। कोषले कर्मचारी बचत वृद्धि अवकाश कोष, उपदान तथा पेन्सन योजना, लगानीकर्ता अवकाश कोष योजना, राष्ट्रसेवक कर्मचारीको जीवन बीमा कोष, नागरिक एकांक योजना, नागरिक पेन्सन योजना र नेपाल कृषि अनुसन्धान परिषद् बीमा कोषजस्ता कार्यक्रम सञ्चालन गरिरहेको छ।

## 'स्ट्रबेरी'बाट ३० लाख आम्दानी

**काभ्रेपलाञ्चोक (प्रस)–** तीन वर्षदेखि निरन्तर (स्ट्रबेरी)भुइँऐसेलुखेतीमा रम्नुभएका बनेपा नगरपालिका-१० जनागालका मुक्ति विष्टलाई हिजोआज भुइँऐसेलुटिप्न र बजार पठाउन भ्याइनभ्याइ छ। यसबाट उहाँले वार्षिक रु ३० लाखको आम्दानी पनि गरिरहेका छन्।

कोरोना महामारीका बेला खेती थालेका उनी भुइँऐसेलुका निम्ति यहाँ परिचित व्यवसायी भएका छन्। 'बजारीकरणको समस्या छैन, बर्सेनि बजार बढ्दैछ' व्यवसायी विष्टले भने, 'स्थानीय बजारमा प्रतिकिलो रु चार सयदेखि आठ सयसम्ममा भुइँऐसेलु बिक्री भइरहेको छ।' जनागालस्थित आफ्नै दश रोपनी जग्गामा भुइँऐसेलु रोपेर जिल्लामा मात्र नभएर देशको नमूना किसानको पहिचान बनाएका ४६ वर्षीय विष्टले भुइँऐसेलु रोप्ने सीप सिकेर व्यवसाय थाल्नुभएको भने होइन, अरुले रोपेको देखेर र भनेका आधारमा खेती थालेको सुनाए।

गत वर्ष सबै खर्च कटाएर रु ३० लाख बचत गरेका उनी यसवर्ष केही बढी आम्दानी हुनेमा आश्वस्त छन्। उनले भुइँऐसेलु मात्र होइन मौसमी सागसब्जीसँगै कुखुरापालन पनि गरिरहेका छन्। भुइँऐसेलुका बिरुवा पनि उनले बेच्दै आएका छन्। उनले भुइँऐसेलुखेतीका लागि बनेपा र ककनीमा गरी एक लाख बिरुवा रोपेका छन्। हाल उनको फार्ममा पाँच जनाले रोजगारी पाएका छन्। व्यवसाय विस्तारको सोचमा रहेका उनले भुइँऐसेलुबाट 'वाइन' र 'जुस' उत्पादन उद्योग स्थापना गर्न विज्ञहरूसँग परामर्श गरिरहेका छन्।

## आम्दानीको स्रोत बन्यो अटोरिक्सा मासिक ४० हजार आम्दानी

**गलेश्वर (म्याग्दी) –** म्याग्दीमा अटोरिक्सा चलाउने व्यवसाय आम्दानीको बलियो माध्यम बनेको छ। बेनी नगरपालिकाभित्र अटोरिक्सा चलाएर यहाँका ३० जना युवाले मासिक रु ४० हजारभन्दा बढी आम्दानी गरिरहेका छन्।

पछिल्लो समय अटोरिक्सा व्यवसाय बेरोजगारका लागि आम्दानीको स्रोत बन्दै गएपछि बेरोजगार युवाको ध्यान अटोरिक्सातिर आकर्षित भएको बेनीबजारका व्यवसायी शिव रेग्मीले बताए।

अटो रिक्सा चलाएर राम्रो आम्दानी हुने गरेको अटो चालक सुमन रिजाल बताउँछन्। बेनी नगरपालिका-२ बगरफाँटका रिजालले अटोरिक्सा चलाएर मासिक ४० देखि ४५ हजारसम्म आम्दानी गर्दै आएको बताए।

विदेश गएर अरुको देशमा श्रम गर्नुभन्दा आफ्नै देशमा बसेर केही गर्नुपर्छ भन्ने मनसायले अटो व्यवसायमा लागेको उनको भनाइ छ। अटो चलाएर प्राप्त हुने आम्दानीबाट उनी सन्तुष्ट छन्।

'मैले बेनी बजार र नगरपालिका क्षेत्रमा अटोरिक्सा चलाउँदै आएको छु, दैनिक दुई हजार पाँच सयदेखि तीन हजार कमाइ



हुन्छ', उनले भने, 'सबै खर्च कटाएर दैनिक एक हजार ५०० बचत हुन्छ, यसमा धेरै खर्च पनि हुँदैन, यसमै सन्तुष्ट छु।'

तीन वर्षअघि रु तीन लाख ८० हजारमा अटोरिक्सा किनेका बेनी नगरपालिका-२ फापरखेतका कालु सापकोटा पनि यसबाट प्राप्त हुने कमाइले सन्तुष्ट हुन्। सेवा पनि हुने र फाइदा पनि हुने यो व्यवसायप्रति पछिल्लो समय युवाहरूको आकर्षण बढेकाले अहिले अटोरिक्सा धेरै हुँदा पहिलाको तुलनामा कमाइ घटेको भए पनि अरु व्यवसायमा भन्दा राम्रै रहेको उनको भनाइ छ।

'सुरुसुरुमा अटोरिक्सा कमै थिए, दैनिक तीन हजार ५०० देखि पाँच हजारसम्म पनि कमाइ हुन्थ्यौं', उनले भने, 'अहिले पनि कमाइ राम्रै छ, आम्दानीको अन्य स्रोत केही छैन, घरखर्च र अन्य भइपरि आउने खर्च यसैबाट चलेको छ, अलिअलि बचत पनि भएकै छ, अटो रिक्सा चलाएर स्वरोजगार बनिएको छ।'

अर्का अटो चालक वसन्त रेग्मीले पनि अटो चलाएर राम्रो आम्दानी गर्नुभएको छ। मासिकरूपमा ३० हजार बढी बचत गर्न सफल रेग्मी वैदेशिक रोजगारीबाट फर्केर अटोरिक्सा चलाउन थालेका हुन्। उनले भने, 'घरमै बसेर काम गर्न पाइएको छ, धेरै कष्ट पनि गर्नुपरेको छैन, यसैमा सन्तुष्ट छु।' जागिर खाने उमेर गएका, विदेश जान नसक्ने, रोजगारीको सम्भावना नभएकालाई अटोरिक्सा व्यवसाय एकदमै राम्रो भएको उनको भनाइ छ।

बेनी नगरपालिकाले नगरपालिकाका १० वटा वडाभित्र सञ्चालन गर्न पाउनेगरी अनुदानमा समेत अटोरिक्सा वितरण गरेपछि यहाँ अटो चल्न सुरु गरेको हो। पहाडी भूगोल भए पनि कालोपत्र भएको सडकभित्र अटोरिक्सा सञ्चालन भएका छन्। नगरपालिका क्षेत्रभित्र ३० वटा अटो सञ्चालन हुनेगरेका बेनी नगरपालिकाले जनाएको छ। *रासस*

प्रजातन्त्रको सम्मान गरौं ।

- राज्यशक्तिका स्रोत जनता हुन् ।
- निर्वाचित प्रतिनिधिले शासन गर्ने प्रक्रिया प्रजातान्त्रिक पद्धति हो ।
- आवधिक निर्वाचन प्रजातन्त्रको आधार स्तम्भ हो ।
- नागरिक सर्वोच्चता, स्वतन्त्रता र समानता प्रजातन्त्रका आधारशिला हुन् ।
- प्रजातन्त्रमा मौलिक हक र मानवअधिकारको संरक्षण हुन्छ ।
- कानूनी शासन प्रजातन्त्रको अनिवार्य शर्त हो ।
- शासकीय क्रियाकलापमा नागरिक सहभागीता र प्रतिनिधित्व सुनिश्चित गरौं ।
- सामाजिक न्याय र सामाजिक सुरक्षा काम गरौं ।
- सभ्य, सुसंस्कृत र समुन्नत राष्ट्र निर्माणमा सबैले हातेमालो गरौं ।

प्रजातान्त्रिक संस्कृतिको सम्बर्द्धन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ